# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २०१२ मङ्सीर ८ गते इलाम जिल्ला अन्तर्गत मालापथ, इलाम बजारमा डम्बर पहाडीको जन्म भएको हो । माता जानुका परियार तथा पिता स्व. केशरबहादुर परियारका सुपुत्र डम्बर पहाडीले नेपाली साहित्य लेखनको आरम्भ वि.सं. २०२९ बाट गरेका हुन् । उनको पहिलो कृति **मेची किनारका कविताहरू** (२०३४) 'तीन टुक्रा कविता' मार्फत नेपाली साहित्यमा औपचारिक प्रवेश गरेका हुन् । उनका हालसम्म तीनओटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् भने विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविताहरू तथा लेखहरू पनि निरन्तर प्रकाशित छन् । उनी कविता रचनादेखि बाहेक नाटक रचनामा पनि संलग्न रहेका छन् । यसै गरी उनी एक लाइने कविता (एलाक) साहित्य रचनाका प्रवर्तकका रूपमा नेपाली काव्य साहित्यमा परिचित छन् । यस बाहेक उनी सामाजिक, शैक्षिक, साङ्गीतिक एवं प्रशासनिक आदि क्षेत्रमा पनि सक्रिय रहेका छन् । गीत सङ्गीतका क्षेत्रमा उनले आफ्नो सिर्जनालाई प्रस्तुत गरी कलाकार सानु पहाडीको स्वरमा रहेको गीति एल्मब 'बाँचेछु भने' मा प्रगतिशील गीतहरू लेखन तथा सङ्गीत संयोजन गरेको देखिन्छ । यसरी स्रष्टा डम्बर पहाडी एक कवि, नाटककार तथा सङ्गीतकर्मीका रूपमा सुपरिचित देखिएका छन् ।

## १.२ समस्या कथन

सरकारी कलेजमा प्राध्यापन पेसालाई आफ्नो प्रमुख पेसा बनाएका डम्बर पहाडीले नेपाली साहित्यका विविध विधामा कलम चलाउन रुचाउने व्यक्तिका रूपमा देखिन्छन् । धेरै लामो समयदेखि कवि तथा नाटककार व्यक्तिका रूपमा समेत उनको नाम सार्वजनिक भइसकेको अवस्थामा उनको सिर्जनाको क्षेत्रलाई नियाल्न नसक्नु नै यसमा प्रमुख रहेको छ । यही विषयवस्तु भित्रबाट केही समस्यालाई बुँदागत रूपमा प्रस्तुत शोधपत्रमा उठान गरिएको छ ।

(क) डम्बर पहाडीको के कस्तो जीवनी रहेको छ ?

(ख) डम्बर पहाडीको व्यक्तित्वका आयाम के कस्ता छन् ?

(ग) डम्बर पहाडीको कृतित्व के कस्तो रहेको छ ?

यिनै समस्यामा केन्द्रित रही व्यवस्थित अध्ययनसहित समस्याको समाधानार्थ प्रस्तुत शोध केन्द्रित रहेको छ ।

## १.३ शोधको उद्देश्य

खास गरी शोध समस्याका क्रममा देखिएका प्रश्नहरूको समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हो । नेपाली साहित्यमा लामो समयदेखि क्रियाशील डम्बर पहाडी प्राध्यापन पेसामा कार्यरत सार्वजनिक व्यक्तित्व हुन् । यसै उद्देश्यलाई प्रमुख ठानी उनको सिर्जना जगत्लाई विविध आयामबाट चिनाउन निम्नलिखित उद्देश्यहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

(क) डम्बर पहाडीको जीवनीको अध्ययन गर्नु,

(ख) डम्बर पहाडीका व्यक्तित्वका आयामको अध्ययन गर्नु,

(ग) डम्बर पहाडीका कृतित्वको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

डम्बर पहाडी नेपाली साहित्यका क्षेत्रमा धेरै लामो समयदेखि कलम चलाउँदै आएका स्रष्टा हुन् । उनका रचनाका विषयमा विभिन्न विद्वान्हरूले पुस्तक, भूमिका, पत्रपत्रिका आदिमा विभिन्न धारणा व्यक्त गरेका छन् । तिनै धारणालाई यहाँ पूर्वकार्यका रूपमा उल्लेख गरी तिनकै समीक्षा सहित प्रस्तुत शोध निष्कर्षतर्फ गएको छ । तसर्थ तिनै सार्वजनिक भएका विचारलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

धरणीप्रसाद गौतम (२०५०) ले **नझुकेको स्वाभिमान** नाटकमा “डम्बर पहाडी विद्यार्थी जीवनकालदेखि नै फुटकर कविता विशेषतः मुक्तक, कविता, गीत र वाद्य वादन क्षेत्रमा इलाममा सुपरिचित व्यक्तित्वका रूपमा रहेका छन्” भनी पहाडीलाई विविध आयामका व्यक्तित्वका रूपमा चिनाएको देखिन्छ ।

घनश्याम न्यौपाने ‘परिश्रमी’ (२०५९) ले **प्रहर कविता सङ्ग्रहबारे** लेखमा “विक्रमाब्द २०२९ सालदेखि ‘मेची किनारका कविताहरू’ का माध्यमबाट साहित्यिक

यात्रारम्भ गर्ने कवि डम्बर पहाडी मूलतः प्रगतिशील विचार भएका स्रष्टा हुन्" भनी पहाडीलाई एक प्रगतिवादी साहित्यकारका रूपमा चिनाएका छन् ।

धरणीप्रसाद गौतम (२०७३) ले **मेरो दृष्टिमा साहित्यकार र साहित्य** पुस्तकको 'साहित्यकार डम्बर पहाडी र उनको नझुकेको स्वाभिमान नाटक' शीर्षकको लेखमा "साहित्यिक सन्दर्भमा डम्बर पहाडीलाई हेर्दा उनका प्रकाशित कृतिहरूमा **नझुकेको स्वाभिमान** (२०५०) नाट्य कृति र **प्रहर** कविता सङ्ग्रह ( २०६०) मात्र प्रकाशित भए पनि थुप्रै पत्रपत्रिकामा लेख, कथा, मुक्तक, फुटकर कविता र एक लाइने कविता प्रशस्त प्रकाशित भएका छन्" भनी पहाडीलाई विविध विधाका साहित्य लेखकका रूपमा उपस्थापन गरेको देखिन्छ ।

शारदा कोइराला (२०५३) ले **यथार्थ कुरा** वर्ष १, अङ्क ८ को 'साहित्यिक पथका गतिशील यात्री : डम्बर पहाडी' शीर्षकको लेखमा "वि.सं. २०५० सालमा **नझुकेको स्वाभिमान** नामक नाटक पुस्तक प्रकाशित छ भने 'रहर पछिका अन्तिम प्रहर', 'क्षितिजमा अस्ताएका क्षितिजबाटै झुल्केको घाम', 'भोक चपाएर बाँचेको मान्छे', 'उज्जवल भविष्यको बाटोतिर', 'ज्वाला दन्किरहेछ', 'घात प्रतिघात' आदि उनका अप्रकाशित तर मञ्चन भइसकेका नाटक हुन्" भनेर सर्जक पहाडीलाई एक प्रगतिशील धारका नाटककारका रूपमा चिनाएको पाइन्छ ।

यसरी विभिन्न विद्वान्हरूका व्यक्त विचारहरूलाई हेर्दा पहाडी एक कुशल कवि तथा नाटककार व्यक्तित्व हुन् । माथि प्रस्तुत भएका विचारहरूले शोधकार्यलाई उद्देश्यसम्म पुग्न थप आधार प्रदान गर्ने छन् । यी पूर्वकार्यहरू सामान्य चर्चाका रूपमा रहेकाले यिनबाट उनको व्यक्तित्वका समग्र पाटाहरूको अध्ययन नहुने भएकोले यस शोधकार्यद्वारा सो प्रयोजन पूरा गरिएको छ ।

## १.५ शोधको औचित्य

पहाडीका काव्य रचनाहरूमा केन्द्रित भई उनको साहित्य रचनाका बारेमा सुव्यवस्थित अध्ययन गरिएको यस शोधकार्यबाट आउने पिँढीलाई उनको सिर्जनात्मकताका बारेमा यथेष्ट जानकारी हुने छ । नेपाली साहित्यका क्षेत्रमा समेत सुपरिचित भएका डम्बर पहाडीका रचनाका बारेमा प्रशस्त जानकारी प्रदान गर्ने भएकाले यो स्वाभाविक रूपमा औचित्य पूर्ण रहने निश्चित छ ।

## १.६ शोधको सीमाङ्कन

डम्बर पहाडीका साहित्य रचनाका विविध पक्षलाई यस शोधमा उनका हालसम्म प्राप्त पुस्तकाकार कृति तथा फुटकर रचनालाई मुख्य केन्द्रविन्दु बनाएर यो अध्ययनलाई अगाडि बढाइएको छ । तसर्थ निश्चित समयावधि भित्र सीमाङ्कति भएर यस कार्यलाई सम्पन्न गरिएको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार वा ढाँचा पर्दछन् । शोधपत्रका अङ्ग अन्तर्गत आएका ती अवधारणा अनुसार यहाँ तिनीहरूको प्रयोग सम्बन्धी विधिको प्रस्ताव गरिएको छ ।

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधमा विशेष गरी सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत उपलब्ध सूचना तथा सर्जक स्वयम्सँगको साक्षात्कार रहेको छ र द्वितीयक स्रोत अन्तर्गत विभिन्न विद्वान्हरूका अनुसन्धानात्मक लेख तथा पुस्तकालय खास गरी प्राध्यापक एवम् गुरुहरूसँग पनि यथोचित रूपमा परामर्श लिएर प्रस्तुत शोध तयार पारिएको छ ।

### (ख) सामग्री विश्लेषणको सैद्धान्तिक आधार वा ढाँचा

प्रस्तावित शोधको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधलाई निम्न पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधको सङ्गठन यस प्रकारको रहेको छ :

**पहिलो परिच्छेद** : शोधपरिचय
**दोस्रो परिच्छेद** : डम्बर पहाडीको जीवनीको अध्ययन
**तेस्रो परिच्छेद** : डम्बर पहाडीको व्यक्तित्वका विविध आयामहरूको अध्ययन
**चौथो परिच्छेद** : डम्बर पहाडीका कृतित्वको अध्ययन
**पाँचौँ परिच्छेद** : उपसंहार तथा निष्कर्ष
**सन्दर्भ ग्रन्थ सूची**

# दोस्रो परिच्छेद

# डम्बर पहाडीको जीवनीको अध्ययन

## २.१ विषय प्रवेश

जीवनी भनेको जिन्दगीमा आउने अनगिन्ती मोडको घटनाचक्र हो । जीवनमा सामान्य घटेका घटनाहरू नभई महत्त्वपूर्ण घटनाको मात्र कालक्रमिक वर्णन गरिन्छ । यहाँ वर्णन गर्न खोजिएका साहित्यकार डम्बर पहाडीको जीवनका विविध पाटाहरूको अध्ययन गर्न गरिएको छ । पहाडी खास गरी दुई दशक जतिको समय इलामको पहाडी जीवनमा साहित्य क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएका व्यक्ति हुन् । अरू बाँकी जीवन काठमाडौँको बानेश्वरस्थित शान्तिनगरमा बसोबास गर्दै आएका छन् । तिनै व्यक्तिको यहाँ इतिवृत्त खोज, अनुसन्धान तथा विश्लेषणको विषय बनाइएको छ । त्यसै गरी उनीद्वारा रचना गरिएका विभिन्न कृतिहरूको समेत विश्लेषण गरिएको छ । उनले समाज सेवाको क्षेत्रमा विद्यार्थी जीवनदेखि नै महत्त्वपूर्ण योगदान दिँदै आएका छन् तर पनि उनी अझै ओझेलमा रहेका छन् । त्यसैले ओझेलमा परेका साहित्यकार डम्बर पहाडी सबैका सामु परिचित हुने छन् भन्ने विश्वास गरिएको छ । उनीबाट नेपाली साहित्य क्षेत्रमा 'एलाक' (एक लाइने कविता) का प्रवर्तकका रूपमा पनि चर्चित हुने छन् ।

## २.२ जन्म र जन्मस्थान

डम्बर पहाडीको जन्म वि.सं. २०१२ मङ्सीर ८ गते मेची अञ्चल अन्तर्गत इलाम जिल्लाको मालापथ, इलाम बजारमा भएको हो । उनी पिता स्व. केशरबहादुर परियार तथा माता जानुका परियारका ज्येष्ठ सुपुत्र हुन् । पहाडीको न्वारनको नाम डम्बर परियार हो र साहित्यिक तथा साङ्गीतिक नाम डम्बर पहाडी 'एलाक' हो ( शोधनायकबाट प्राप्त जानकारी) ।

## २.३ बाल्यकाल

केशरबहादुर परियारको परिवारमा उनी पहिलो सन्तानका रूपमा जन्मिएका हुन् । पहाडीको जन्म इलाम बजारमा भएको कारण उनको बाल्यकाल सहज

वातावरणमा बितेको थियो । उनले आफ्नो बाबुबाजेले गरेको पेसा अति नै मन पराउने गर्दथे । उनले आफ्ना पुर्खाले गरेको काममा सनही, टेम्पो, नरसिंह, मादल, कर्णाल, झ्याम्टा, गितार आदि बजाउने काम गरेका हुन् । नम्र स्वभावका पहाडी सबैसँग मेलमिलाप गर्ने खालका साथीभाइसँग डन्डीबियो, लुकामारी, भलिबल, फुटबल आदि खेलहरू खेल्थे । यसरी पहाडीको बाल्यकाल परम्परागत शिक्षा आर्जन गरेका आफ्ना बाबु केशरबहादुर परियारको स्नेह तथा संरक्षणका साथै इलाम बजारमा नै व्यतित भएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.४ शिक्षादीक्षा

पहाडीको प्रारम्भिक शिक्षा पाँच वर्षको उमेरबाट पब्लिक आदर्श उच्च माध्यमिक विद्यालय, इलाम बजारबाट सुरुवात गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । उनले २०२९ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण, महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलामबाट २०३० सालमा सेमेस्टर प्रणालीबाट दुई सेमेस्टर पढेपछि तत्कालीन कम्युनिष्टहरूले बुर्जुवा शिक्षा पढ्नु हुँदैन भन्ने विरोध गरेपछि केही समय स्थगित गरे । पछि फेरि प्राइभेट कलेजबाट २०३४ (१९७७) सालमा प्रविणता प्रमाणपत्र उत्तीर्ण गरे । २०३६ सालमा विद्यार्थी आन्दोलन भइरहँदा तथा देशमा बहुदलीय तथा निर्दलीय व्यवस्थाको आन्दोलन भइरहँदा पनि महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलामबाट स्नातक तह उत्तीर्ण गरे । २०४३ सालमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट इतिहास विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.५ आनीबानी तथा स्वभाव

पाँच फिट दुई इन्च अग्ला दौरा सुरुवाल तथा ढाका टोपी, चस्मामा सजिएर हिँड्ने डम्बर पहाडी एक कर्मशील व्यक्तित्वका रूपमा चिनिन्छन् । कमै मात्रामा बोल्ने, लगनशील, सरल तथा उच्च विचारका पहाडी गुन्द्रुक, सिस्नु, मकै र कोदोको ढिंडो, माछा, दुध र दुधबाट बनेका परिकारहरू कराउनी, दही, घ्यू, चिज, पनिर आदि रुचाउँछन् । अध्ययन नै प्रमुख मार्गदर्शक हो भन्ने विचार राख्दछन् र सोख र विलासिताका विरोधी मानिन्छन् । उनी भ्रमणमा रुचि राख्दछन् । भ्रमणबाट विभिन्न ठाउँको भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक परिवेश, हावापानी, बोलीबचन,

विचार, प्राकृतिक सम्पदा एवं विभिन्न कुराको अध्ययन गर्ने मौका पाइन्छ भन्ने हौसला प्रदान गर्दछन् । जुनसुकै वातावरणमा रहेर पनि लेखपढ गर्न सक्ने पहाडी क्रान्तिकारी एवं जनताको मुक्तिका खातिर प्रगतिशील आख्यान, लोकसंस्कृतिलाई झल्काउने किसिमका लोकगीत, कविता आदिका माध्यमबाट चाख लाग्दा उदाहरण प्रस्तुत गर्दै अध्यापन गर्दछन् । आफ्नो काममा सदासर्वदा दत्तचित्त भई लागि पर्ने, आफूले कमाएको थोरै भन्दा थोरै रकमलाई ठुलो मान्ने र त्यसैमा सन्तुष्टि लिने गर्दछन् । चाकडी, चाप्लुसी, चुक्ली आदि मन नपराउने र अनावश्यक खर्च गरेको मन नपराउने स्वभावका छन् । सधैँ हसिलो मुद्रामा देखिने पहाडी अरूका कडा वचन सुनेर पनि तत्काल प्रतिक्रिया नदिने, नरिसाइकन त्यस्ता कडा विचारलाई सरल ढङ्गले प्रस्तुत गर्दछन् । यस्ता स्वभाव र आनीबानीले गर्दा उनी सबैका निम्ति प्रिय एवं आदर योग्य बन्न सफल भएका छन् । उनी पौराणिक एवं धार्मिक ग्रन्थहरूलाई असाध्यै मन पराउने स्वभावका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.६ वैवाहिक जीवन

डम्बर पहाडीको शुभ विवाह ताप्लेजुङको सदरमुकामको फुङ्लिङ बजारका पिता स्व. पूर्णबहादुर सिवा र माता स्व. दिक्मा सिवाकी सुपुत्री सानु सिवासँग २०४८ साल मङ्सीर ३ गते मंगलबार १७०० रूपैयाँमा जिल्लामा सबैभन्दा पहिलो Stage Marriage गरेका थिए (शोधनायकबाट प्राप्त जानकारी) ।

२६ वर्षकै उमेरमा दाम्पत्य सुत्रमा बाँधिन पुगेका पहाडी युवा जीवन र वैवाहिक जीवन यसरी सँगसँगै जस्तो प्रारम्भ हुन पुगेको जस्तो देखिन्छ । उनीहरूको एक आपसमा तन-मन-विचार, भावना सबै मिलेको थियो । उनकी श्रीमतीले प्रवेशिका तहसम्मको अध्ययन गरेको देखिन्छ । उनी अत्यन्त सुशील र आदर्श नारी भएको कारणले गीत, सङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका कारण उनीसितको विवाह हुनलाई पहाडीले आफ्नो सौभाग्य ठान्दछन् ।

पहाडी दम्पतिबाट एक छोरा र एक छोरी जन्मिएका छन् । छोराको नाम सौजन्य पहाडी परियार र छोरी सृष्टि पहाडी परियार तथा बुहारी लुम्ली गुरुङ पहाडी परियार हुन् ।

डम्बर पहाडीका परिवारको (पुर्खाहरूको) विवरण यस प्रकार रहेको छ :

कृष्णबहादुर परियार (कृष्णे)

जगतबहादुर परियार भोटु परियार

केशरबहादुर परियार जानुकादेवी परियार

डम्बर पहाडी परियार स्व. विनोद परियार कैलाश परियार पर्वत परियार

सौजन्य पहाडी परियार सृष्टि पहाडी परियार

डम्बर पहाडीको दिदी बहिनीहरू :

जेठी : शोभा परियार (अविवाहिता)

माइली : स्व. गीता दास परियार (विवाहिता)

कान्छी : रीता परियार दर्नाल (विवाहिता) (शोधनायकबाट प्राप्त जानकारी)

साहित्यकार डम्बर पहाडीको पारिवारिक पृष्ठभूमि अन्तर्गत पहाडी वंशावलीको तथ्याङ्क अनुसार कृष्णबहादुर परिवारका छोरा जगत्‌बहादुर परियारका छोरा केशरबहादुर परिगार हुन् । केशरबहादुर परियारका चार भाइ हुन् । जसमध्ये जेठो डम्बर परियार, माइलो स्व. विनोद परियार, साहिंलो कैलाश परियार, कान्छो पर्वत परियार हुन् । डम्बर परियार (पहाडी) जेठा छोरा रहेका छन् । पहाडीको पारिवारिक पृष्ठभूमि माथि वृक्ष चित्रमा देखाइएको छ । डम्बर पहाडीका सन्तानमा एकछोरा सौजन्य परियार (पहाडी) र छोरी सृष्टि परियार पहाडी र बुहारी लुम्ली गुरुङ (परियार) रहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.७ आजीवीका

पहाडीको बाल्यजीवन परिवारको स्नेहपूर्ण बिते पछि उनको जीवनमा केही कठिनाइहरू पनि आइलाग्छन् । खेती किसानी तथा वाद्यवादन नै मुख्य पेसा भएका बाबु आमाले पठाएको खर्चले मात्र जीवन चलाउन बाध्य भएको पाइन्छ । वि.सं. २०२९ देखि अनवरत रूपमा विभिन्न कृतिहरू लेखेर समाजमा भए गरेका अन्याय अत्याचार दमन शोषणलाई जरैदेखि उखेल्नका लागि तत्पर रहेको पाइन्छ । उनी आफ्नो प्राध्यापन पेसालाई निरन्तरता दिइरहेका छन् । महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम र रत्नराज्य लक्ष्मी क्याम्पस प्रदर्शनी मार्ग काठमाडौँमा कार्यरत रहेको पाइन्छ । इतिहास विषयको प्राध्यापन गर्नुका साथै प्रगतिशील लेखन साहित्यमा पनि समर्पित रहेको पाइन्छ ।

## २.८ लेखनका निमित्त प्रेरणा

गीत, सांस्कृतिक नृत्यु, मारुनी एवं अन्य विधाबाट प्रेरित भएर गुनगुनाउने गर्दथे । त्यसै गरी नेपाली संस्कृति झल्किने किसिमका कार्यक्रमहरूमा सानैदेखि मनपराउने गर्दथे । गुरु स्व. रामप्रसाद श्रेष्ठ तथा चित्र सिकारुका सृजनाबाट प्रेरित भएको पाइन्छ । साङ्गीतिक क्षेत्रमा भने अन्य प्रेरणाका स्रोतमा प्राध्यापक युद्धप्रसाद वैद्य पनि रहेका छन् । आफ्नै आमाबुबाबाट नै प्रेरणा पाएको देखिन्छ । त्यसै गरी नाटक, कविता, गीत, गजल एवं एक लाइने कविता लेखनमा भीम खरेल, अनुकूल काजी आदिबाट प्रेरणा पाएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.९ रुचि

मानिसका रुचि एवं चाहना फरक-फरक हुने गर्दछन् । यसो हुनुमा पारिवारिक अवस्था, सामाजिक अवस्था, पर्यावरणीय अवस्था, भौगोलिक क्षेत्र, आर्थिक अवस्था आदिको विशेष भूमिका रहन्छ । संसारका मानिसहरूमा अनगिन्ती इच्छा, चाहना एवं विचारहरू जन्मन्छन् र त्यसैको आधारमा मानिसहरू विकसित हुने गर्दछन् । पहाडीका पनि विभिन्न रुचि, चाहना तथा विचार रहेको देखिन्छ । बालक कालमा सङ्गीतकार बन्ने, कलाकार बन्ने, नाटककार बन्ने, चलचित्र निर्देशक बन्ने आदि जे देख्यो त्यही बन्न मन लाग्ने आफ्नो बालसुलभ रुचि भएको शोधनायक आफैँ बताउँछन् । सानै उमेरदेखि पहाडी सामान्य व्यक्तिभन्दा भिन्न किसिमको रुचि भएका व्यक्ति हुन् । नयाँ-नयाँ किसिमका रचनात्मक कार्यहरू गरेर देखाउने समाजसेवा र सहयोगको क्षेत्रमा उनी बढी रुचि राख्दछन् ।

सादा जीवन उच्च विचार राख्ने पहाडी गुन्द्रुक, सिस्नु, ढिँडो, माछा, लोकल कुखुराको मासु, भुटेको मकै भट्मास विशेष मन पराउँदछन् । विशेष गरी रातो, पहेंलो रङ्ग मनपराउने, गुलाव, लालीगुराँस जस्ता विभिन्न किसिमका फूलहरू मनपराउने, घर आँगन सफा सुग्घर राख्ने, साधारण नेपाली खानामा संतुष्टि रहने बानी हुने पहाडीको बानी छ । आफूले जीवनमा प्रत्यक्ष देखेका, भोगेका, स्पर्श गरेका अनुभूतिहरूलाई आफ्नो कलम मार्फत अभिव्यक्त गरी सिङ्गो समाजलाई परिवर्तन गरी अग्रगामी बनाउन विशेष अभिरुचि देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१० विभिन्न संघ संस्थामा संलग्नता

आफ्नो सम्पूर्ण जीवन साहित्य साधनाका क्षेत्रमा समर्पित गरेका पहाडी विभिन्न संघ संस्थामा संलग्न रहेका छन् । उनी संलग्न रहेको संघ संस्थाहरू यस प्रकार रहेका छन् :

(१) महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाममा अध्यापन गराएको ।

(२) त्रि.वि. रजिष्ट्रारको कार्यालय कर्मचारी प्रशासन महाशाखाको २०६७/५/१४ को पत्र बमोजिम उपप्राध्यापक पदमा रहि हालसम्म रत्न राज्य क्याम्पस प्रदर्शनी मार्गमा अध्यापन गराइरहेका ।

(३) सुनगाभा क्लब इलाममा संस्थापक सदस्य ।

(४) नेपाल रेडक्रस सोसाइटी इलामको आजीवन सदस्य ।

(५) मेची विकास संघका संस्थापक सदस्य ।

(६) इलाम साहित्य मञ्च इलामका संस्थापक सदस्य ।

(८) जीवन्त साहित्य समूह इलामका सल्लाहकार ।

(९) मालापथ चिन्तन मञ्चमा संस्थापक सदस्य सचिव ।

(१०) मदन भण्डारी कला साहित्य प्रतिष्ठान २०६८ संस्थापक सदस्य ।

(११) साझा प्रकाशन २०६४ प्राज्ञिक सल्लाहाकार ।

(१२) युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान २०६५ कार्य समिति सदस्य ।

(१३) एक लाइने कविता आन्दोलन २०४३ प्रवर्तक ।

(१४) इसारावादी कविता २०५० ।

(१५) साङ्केतिक नाटक प्रयोग ।

## २.११ सम्मान तथा पुरस्कार

विभिन्न संघ संस्थाहरूमा, विभिन्न पदमा सेवारत रही संस्थागत संवर्द्धनका निम्ति खेलेको भूमिका महत्त्वपूर्ण छ । विभिन्न किसिमका नेपाली प्रगतिवादी साहित्यिक कृतिका साथै विभिन्न प्राज्ञिक, सांस्कृतिक एवं क्रान्तिका क्षेत्रमा पुऱ्याएको

योगदान वापत पहाडीले विभिन्न संघ संस्थानबाट मान कदर, पुरस्कार अभिनन्दन पाएका छन्, ती यस प्रकारका छन् :

(१) नेपाल साहित्य गुठी काठमाडौँ प्रशंसा पत्र २०५० ।

(२) राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपाल प्रशंसा पत्र ।

(३) जुही (साहित्यिक त्रैमाशिक) झापा प्रशंसा पत्र २०६५ ।

(४) जीवन स्मृति प्रतिभा पुरस्कार २०६३ झापा, दमक ।

(५) जीवन स्मृति प्रतिष्ठान झापा, दमक प्रशंसा पत्र २०६३ ।

(६) अन्तर्राष्ट्रिय कवि गोष्ठी फिकल इलाम समता साहित्यिक परिवार इलाम २०५४ द्वारा अभिनन्दित ।

(७) वृहत् जनवादी सांस्कृतिक तथा स्रष्टा सम्मान कार्यक्रम धुसेनी इलाम २०६९ द्वारा सम्मानित ।

## २.१२ निष्कर्ष

वि.सं. २०१२ सालमा मेची अञ्चलको इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. २ मालापथमा जन्मी त्यहींको परिवेशमा हुर्की त्यहींकै स्कुल, कलेजबाट स्नातक तहसम्मको अध्ययन गरेर त्रि.वि. कीर्तिपुरबाट इतिहास विषयमा स्नातकोत्तर तह पूरा गरेका डम्बर पहाडी सानै उमेरदेखि सांस्कृतिक, सामाजिक, राजनैतिक एवं साहित्यिक कार्यकलापमा संलग्न व्यक्ति हुन् । विभिन्न पेसा र व्यवसायमा रहँदा समेत साहित्यिक एवं सांस्कृतिक क्षेत्रमा सक्रिय रहेर यसैका माध्यमबाट सामाजिक रूपान्तरणको अभियानलाई अगाडि बढाउन निरन्तर क्रियाशील, प्रगतिशील व्यक्तित्व हुन् । उनले लेखेका नाटक, कविता सङ्ग्रह, फुटकर कविता एवं विभिन्न माध्यमबाट सिङ्गो समाजलाई मुक्ति दिलाउने खालका विषयवस्तुलाई चर्चा गरिएको छ । यसरी डम्बर पहाडीको जीवनी र व्यक्तित्वलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिसकेपछि निष्कर्षमा उल्लेख गर्नु पर्दा पहाडी एक सङ्घर्षशील व्यक्तित्वका रूपमा देखिन्छन् । परिश्रम र साधनाबाट स्थापित जीवनकाल, नाटक, सांस्कृतिक कार्यक्रम, फुटकर कविता, एलाक साधनामै व्यतित भएको पाइन्छ । बाल्यावस्थादेखि नै मुक्तिका निम्ति साहित्यका क्षेत्रबाट चासो र रुचि भएका एक कुशल साहित्य स्रष्टा हुन् । इतिहास विषयका व्यक्ति भए पनि नेपाली साहित्यका क्षेत्रमा उदाहरणीय योगदान पुऱ्याउने उनको जीवन र व्यक्तित्व प्रेरक तथा अनुकरणीय देखिन्छ ।

# तेस्रो परिच्छेद

# डम्बर पहाडीका व्यक्तित्वका विविध आयामहरूको अध्ययन

## ३.१ विषय प्रवेश

व्यक्तित्व भन्नाले व्यक्ति विशेषमा निहित आधारमा "कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई प्रभावित पार्ने गरी देखाउने विशेषता नै व्यक्तित्व हो" भन्ने कुरा उल्लेख गरिएको छ । वास्तवमा हरेक व्यक्तिमा व्यक्तित्व अवश्य नै रहन्छ । त्यसैले व्यक्ति भन्नु नै विभिन्न व्यक्तित्वको सम्मिश्रित रूप हो । व्यक्ति जन्मेको माटो, हुर्केको धर्ती, रमेको परिवेश, समसामयिक पृष्ठभूमि, शिक्षादीक्षा, विभिन्न घटना तथा शारीरिक बनावट आदिका कारणले व्यक्तिपिछे फरक-फरक व्यक्तित्व पाउन सकिन्छ । व्यक्तिको शारीरिक बनावटदेखि उसमा निहित गुण, दोष, विशेषता, प्रतिभालाई पनि व्यक्तित्वको संज्ञा दिन सकिन्छ । कुनै पनि व्यक्तिलाई व्यक्ति विशेष बुझाउनका लागि वा अध्ययन गर्नका लागि उसको व्यक्तित्वको पहिचान गर्न नितान्त आवश्यक हुन्छ किनभने व्यक्ति विशेषको पहिचानले उसले के कतिसम्म कुन क्षेत्रमा कति योगदान गरेको छ भन्ने कुरा बुझ्न आवश्यक देखिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

प्रत्येक मान्छेको व्यक्तित्वलाई दुई ढङ्गले अध्ययन गर्न सकिन्छ । शारीरिक व्यक्तित्व भनेको बाहिरी आँखाले आकलन गर्न मिल्ने व्यक्तित्व हो । जुन वेशभूषा जीउडाल रूपरङ्ग आदिद्वारा प्रष्टिन्छ । पहाडीको शारीरिक व्यक्तित्वले मानिसलाई प्रभावित तुल्याउने गर्दछ । रातो (श्याम) वर्णको अनुहार, गोलो मुहार, ठूलो अग्लो निधार, तील चाम्ले कपाल, पोटिला गाला, फूर्तिलो शरीर मिलेर उनको शारीरिक व्यक्तित्वलाई प्रभावकारी तुल्याएको छ । वृद्धावस्थातर्फ उन्मुख ६२ औं वसन्त पार भइसक्दा पनि उनको शारीरिक स्फर्ति र जोशमा भने कुनै अन्तर देखिएको छैन ।

## ३.३ स्वभावगत व्यक्तित्व

डम्बर पहाडी मिलजुल गर्ने र घनिष्टता बढाउने क्रममा उमेरलाई सीमारेखा र बाधा अड्चनका रूपमा लिदैनन् । उनी बालक, युवा, वृद्ध सबैसँग

एकैनासे किसिमले मिलनसार भएर घुलमिल हुन सक्छन् । आफ्नो बाल्यकालदेखि नै साथीहरूसँग निकै मिलजुल गरेर घुम्ने, हाँस्ने, खेल्ने, काम गर्ने गर्दथे । कुनै व्यक्तिसँग झट्ट भेट हुने वित्तिकै हत्तपत्त बोल्ने स्वभाव त यिनको छैन तर पनि घनिष्टता बढेपछि बोल्न आफ्नो हृदयदेखि नै मन खोलेर बोलचाल गर्ने जस्ता स्वभाव उनमा देखिन्छ । यिनी बोल्दाखेरि सबैको मन लोभ्याउने किसिमले बोल्दछन् । जो कोही मानिस एकचोटि बोलचाल गरेपछि सो मानिससँग कहिल्यै पनि टाढिने खालका व्यवहार गर्दैनन् । त्यस्ता मान्छेसँग अझ घनिष्टता बढाएर नजिक हुन चाहन्छन् ।

## ३.४ सामाजिक व्यक्तित्व

मानिस एक सामाजिक प्राणि हो । ऊ कहिल्यै पनि समाज बिना अलिकति पनि हलचल गर्न सक्दैन । एक व्यक्तिको सम्बन्ध अर्को व्यक्तिसँग नङ र मासुको जस्तो रहेको हुन्छ । जस्तै लेखक, पत्रकार, साहित्यकार, शिक्षक, विद्यार्थी, सर्वसाधारण आदि व्यक्ति समाजसँग सम्बन्धित रहन्छ । समाजको विकास, देशको विकासलाई आफै विकास सम्झने पहाडी विभिन्न संघ संस्थामा आबद्ध रहेर आफ्नो व्यक्तिगत प्रयासबाट समाजको विकास एवं राष्ट्रको विकासमा प्रयत्नरत रहेका देखिन्छन् । सामाजिक संलग्नतामा पनि पहाडीको उत्तिकै उचाइ रहेको छ । विभिन्न संघ संस्थाहरूबाट विभिन्न सन्दर्भमा उनलाई बारम्बार बोलाइएको पाइन्छ । हाल रत्नराज्य क्याम्पसमा प्राध्यापन कार्यमा आफ्नो सामाजिक दायित्व निभाई रहेका छन् । त्यसको अलावा अन्यायमा परेका जनताहरूलाई मुक्ति दिलाउनका लागि विभिन्न किसिमका लेखहरू लेखेर आफ्नो अस्तित्वलाई समाजमा रूपान्तरण गर्न सफल भएका देखिन्छन् ।

## ३.५ धार्मिक व्यक्तित्व

साहित्यकार डम्बर पहाडी एक दलित परिवारमा जन्मिएका, हिन्दू धर्मावलम्बी हुन् । उनी विशेषतः गणेश, सूर्य, देवी, शिव, विष्णु, लक्ष्मी, पार्वती, सरस्वती एवं विभिन्न देवीदेवताका उपासक हुन् । दैविक शक्ति नै ठूलो शक्ति हो भन्ने मान्दछन् । ईश्वरमा रहेका आस्थाबाट यिनको धार्मिक व्यक्तित्व उल्लेखनीय देखिन्छ ।

## ३.६ साङ्गीतिक व्यक्तित्व

साहित्यकार डम्बर पहाडी एक गायक एवं सङ्गीतकारको क्षेत्रमा आबद्ध व्यक्ति हुन् । पुर्ख्यौली पेसा बाध्य वाद्यन र गीतसङ्गीतले उनको जीवनमा अझ राम्रो गर्ने सोचमा परिवर्तन आएको देखिन्छ । आफ्नो जातीय पेसाको कारणले उनले साहित्यिक एवं साङ्गीतिक नाम डम्बर पहाडी 'एलाक' भनेर उदाहरणीय व्यक्ति बन्न सफल भएका छन् ।

## ३.७ प्राध्यापकीय व्यक्तित्व

साहित्यका विभिन्न क्षेत्रमा संलग्न रहेका पहाडी प्राध्यापन पेसामा पनि आबद्ध भएका छन् । महेन्द्र रत्न क्याम्पस इलाम (२०४९-२०६४), त्यसै गरी रत्न राज्य लक्ष्मी क्याम्पस प्रदर्शनी मार्गमा हालसम्म अध्यापनरत रहेका छन् । आफ्नो उमेर रहुन जेलसम्म शिक्षण पेसा अँगालेका पहाडी शिक्षण जस्तो पवित्र पेसामा लागि विद्यार्थीहरूलाई विस्तृत ज्ञान हाँसिल गराउन लागिपरेका छन् । विगत लामो समयदेखि नै इतिहास विषयको अध्यापन गराउने लगनशील उपप्राध्यापकको रूपमा देखिन्छ ।

## ३.८ प्रशासकीय व्यक्तित्व

केही समय मात्र भए पनि डम्बर पहाडीले आफ्नो जीवनको प्रशासन सेवामा आबद्ध भएका छन् । उनले २०३४ सालमा लोकसेवा आयोगबाट भूमिसुधार मन्त्रालयको वचत सहायक निरीक्षक पदमा रहेर कार्य गरेका थिए । २०४० मा तत्कालीन कम्युनिष्ट गतिविधिमा संलग्न भएको भनी आरोप लगाई पर्चा खडा गरी भूमिसुधार मन्त्रालय विभागबाट अत्यन्त जरुरी गोप्य पत्रद्वारा अवकास दिइएको थियो । झण्डै ६ वर्षसम्मको अनुभव रहेको छ । मन्त्रालयमा कार्यरत रहँदा पनि एक कुशल सहायक निरीक्षकका रूपमा रहेर कार्यभार सम्हालेका छन् ।

## ३.९ साहित्यकार व्यक्तित्व

डम्बर पहाडी एक कुशल साहित्यकार व्यक्तित्व हुन् । यस भित्र रहेर हेर्दा उनी कवि व्यक्तित्व र नाटककार व्यक्तित्वका रूपमा गरी दुई किसिमको पाइन्छ ।

### ३.९.१ नाटककार व्यक्तित्व

साहित्यिक सन्दर्भमा डम्बर पहाडीलाई हेर्दा उनका प्रकाशित **नझुकेको स्वाभिमान** (२०५०) एक मात्र प्रकाशित नाटक हो । उनका अन्य नाटकहरूमा रहर

पछिको अन्तिम प्रहर (२०४०), अप्रकाशित क्षितिजमा अस्ताएर क्षितिजबाट झुल्किएको घाम (२०४१), भोक चपाएर बाँचेको मान्छे (२०४१), ज्वाला दन्किरहेछ (२०५१), मुक्ति र चाहना (अप्रकाशित) मञ्चन नाटक उज्ज्वल भविष्यको बाटोतिर (२०४३) अप्रकाशित मञ्चन नाटकहरू रहेका छन् ।

### ३.९.२ कवि व्यक्तित्व

साहित्यकार डम्बर पहाडीले कविता विधामा कलम चलाएका हुन् । मैची किनारका केही कविताहरूमा रहेको तीन टुक्रा (२०३४) बाट औपचारिक रूपमा कविता विधामा कलम चलाएका हुन् । उनका एकलाइने कविताका प्रवर्तक महर कविता सङ्ग्रह (२०५९) प्रकाशित रहेको छ ।

लेखनका क्रममा अन्यायमा रुमालिएर बाँचेकाहरूलाई मुक्ति दिलाउने कार्य गरेका छन् । जसमा क्रान्तिका माध्यमबाट सामन्तीहरूको पिडा दिने र सोझा जनतालाई शान्तिपूर्वक ढङ्गले बाँच्न पाउनुपर्छ भन्ने कुरा अघि सारेका छन् ।

## ३.१० निष्कर्ष

जीवन सङ्घर्षशील एवं क्रान्ति प्रदत्त एक सुन्दर चीज हो । यसमा मानिस एक विवेकशील, सर्वश्रेष्ठ प्राणी भएको हुनाले सबैलाई समान व्यवहार गर्नु पर्छ भन्ने भाव अघि सारेका छन् । डम्बर पहाडीको जन्म वि.सं. २०१२ सालमा मेची अञ्चल इलाम जिल्ला अन्तर्गत इलाम बजार मालापथमा जन्मिएका हुन् । साहित्यकार पहाडीको जीवनी र व्यक्तित्वलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिसकेपछि निष्कर्षमा उल्लेख गर्नु पर्दा उनी एक सङ्घर्षशील एवं क्रान्तिकारी व्यक्तित्वका रूपमा चिनिन्छ । परिश्रम एवं साधना (कार्य) बाट स्थापित पहाडीको बैसट्ठि वर्षे जीवनकाल साहित्य सिर्जनामा नै लागि रहेको छ । आफू इतिहास विषयका व्यक्ति भए तापनि नेपाली साहित्यको नाटक एवं फुटकर कविता एकलाइने कविता आन्दोलनका श्रेष्ठ हुन् । नेपाली साहितय क्षेत्रमा उदाहरणीय योगदान पुऱ्याउने यिनको जीवनी र व्यक्तित्व प्रेरक तथा अनुकरणीय देखिन्छ । उनको साहितय रचनामा देशप्रतिको माया, विद्रोहबाट मुक्ति दिलाउने, मान्छेप्रतिको चासो र जीवनप्रतिको संवेदनशीलतालाई सहजै भेट्न सकिन्छ । पहाडीको साहित्यप्रतिको समर्पण नेपाली साहितयका लागि महत्वपूर्ण छ तर उनको लगाव र योगदानको हरेक नेपाली सर्जक तथा साहित्य अनुरागीलाई आलोचकले पनि कदर गर्नु पर्ने देखिन्छ ।

# चौथो परिच्छेद

# साहित्यकार डम्बर पहाडीको कृतित्वको अध्ययन

## ४.१ विषय प्रवेश

साहित्यकार डम्बर पहाडी एक कुशल साहित्यकार हुन् । उनीद्वारा धेरै कृतिहरू नलेखिए पनि थोरै कृतिबाट साहित्य यात्रा गरेका छन् । पहाडीले विद्यार्थी जीवनदेखि नै विभिन्न पत्रपत्रिकामा आफ्ना कविता प्रकाशित गरेका छन् । ती मध्ये **प्रहर** कविता सङ्ग्रह (२०५९) मात्र उनको सङ्गृहीत कृति हो भने **नझुकेको स्वाभिमान** (२०५०) उनको एकमात्र प्रकाशित नाटक हो । उनका अन्य कृतिहरूको भने सामान्य परिचय मात्र यसमा समावेश गरिएको छ । पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह (२०५९) र **नझुकेको स्वाभिमान** (२०५०) एकाङ्की नाटकको विश्लेषण यसमा गरिएको छ ।

## ४.२ प्रहर कविताको विश्लेषण

साहित्यकार डम्बर पहाडीद्वारा रचना गरिएको **प्रहर** कविता सङ्ग्रह (२०५९) सालमा प्रकाशित गरिएको हो । यस कविता सङ्ग्रहमा जम्मा ५८ ओटा कविताहरू संकलित रहेका छन् । यो कृति उनान्असी पृष्ठको प्रकाशन स्वयं शोधनायक डम्बर पहाडीले नै गरेका हुन् । यस कविता सङ्ग्रहभित्र रहेका कवितालाई यस प्रकार तालिकामा प्रस्तुत गरी विषयवस्तु, भाव, भाषाशैली एवं लयविधानका आधारमा विश्लेषण गरिएको छ ।

**प्रहर** कविता सङ्ग्रहमा संकलित कविताहरू यस प्रकार रहेका छन् :

| क्र.सं. | शीर्षक | रचनाकाल |
|---|---|---|
| १. | आखिरी जिन्दगी | २०४३ माघ १३ |
| २. | मूर्दावाद ! जिन्दावाद !! | २०४५ |
| ३. | उत्पीडित | २०४५ श्रावण ६ |
| ४. | जदौ हजुर भन्दै | २०४० असार ५ |
| ५. | विशाल छाती भित्रको | २०४७ शैशाख १ |
| ६. | प्रत्येक बिहानीका प्रहरहरूमा | २०३६ बैशाख |

| | | |
|---|---|---|
| ७. | सल्काउनै पर्छ | २०५२ कार्तिक २८ |
| ८. | काठमाडौँ | २०४४ |
| ९. | चुनौति छ तिमीलाई | २०४० बैशाख |
| १०. | आकास हेर्दै | २०४३ असोज ६ |
| ११. | फगत बगरे ढुङ्गा | २०४० |
| १२. | बन्दकी पो.... | २०४२ माघ |
| १३. | हाय कान्तिपुरी नगरी | २०४४ जेठ ७ |
| १४. | मौनताको कोक्रोबाट | २०४३ असोज |
| १५. | हुनु के थियो खै... | २०४८ मंसिर ३ |
| १६. | आँसु पैँचो मागेर | २०४३ असोज ५ |
| १७. | अन्तर्राष्ट्रिय वर्षहरू | २०४२ माघ |
| १८. | कविता । कविता | २०३८ फाल्गुन |
| १९. | हतास नहोऊ | २०३४ कार्तिक |
| २०. | व्यङ्ग्य | २०४१ फाल्गुन |
| २१. | रगतले रङ्गिएको मञ्चमा | २०२९ |
| २२. | बैंसको ऐस | २०४१ |
| २३. | बिहानीको घाम जस्तै | २०४४ |
| २४. | बादलले छोपेको बस्ती | २०३६ |
| २५. | त्रिशुल डामेर | २०४५ जेठ |
| २६. | चस्मा लगाइ दिउ जस्तो | २०४३ चैत्र |
| २७. | भोक चपाएर | २०४१ माघ |
| २८. | जस्तो छ | २०४१ असोज |
| २९. | सावधान | २०४१ भाद्र |
| ३०. | भोट | २०३९ चैत्र १ |
| ३१. | विडम्बना | २०३८ बैशाख |
| ३२. | नेपालीको अस्तित्व र गौरव | २०४३ कार्तिक १० |
| ३३. | इलाम | २०३७ कार्तिक ७ |
| ३४. | सुप्रभातलाई | २०४३ माघ १ |
| ३५. | ज्यामी | २०४६ श्रावण १५ |
| ३६. | कङ्गाल | २०४४ |
| ३७. | खै इलाम कस्तो छ | कार्तिक |
| ३८. | क्यामेरा भित्र बन्द | २०४६ |

| | | |
|---|---|---|
| ३९. | घामलाई | २०४६ माघ |
| ४०. | शहीदको रगतमा | २०४६ चैत्र २४ |
| ४१. | अन्तिमैसम्म डटी लडौँला | २०४७ बैशाख २१ |
| ४२. | के भर अरूको | २०४७ |
| ४३. | माछा पुच्छ्रे | २०४७ भाद्र |
| ४४. | कर्मी भोलिका | २०४६ जेठ |
| ४५. | लौ धावा बोल्देउन | २०४७ बैशाख |
| ४६. | तिमीलाई | २०४७ चैत्र २७ |
| ४७. | बाँचेर फर्के | २०४७ फाल्गुन |
| ४८. | झ्याल खान नै प्यारो छ | २०५० |
| ४९. | झुक्दैन वीर | २०५० |
| ५०. | च्यतिएको चौबन्दीमा | २०४७ माघ १३ |
| ५१. | भेरीको तीरमा | २०४७ माघ २१ |
| ५२. | शहीदहरूलाई | २०४७ बैशाख १५ |
| ५३. | चेलीको क्रन्दन | २०३५ |
| ५४. | पूर्णिमाको जून जस्तै | २०४४ |
| ५५. | चेलीको सन्देश | २०२९ |
| ५६. | प्रियालाई भनेर | २०४३ |
| ५७. | झुक्दैन | २०४८ |
| ५८. | हामी केबल | २०५० |

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह (२०५९) लाई साधारणतया विषयवस्तु, भाव/विचार, भाषाशैली, लयविधानका आधारमा विश्लेषण तथा अध्ययन गर्दा सुगमता आउने हुनाले यहाँ चार आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ विषयवस्तुका आधारमा कविताको विश्लेषण

वर्णित विषयवस्तुका आधारमा कवितालाई पाँच भागमा विभाजन गरिएको छ । यी विषयवस्तुमा सामाजिक कविता, राजनीतिक कविता, ऐतिहासिक कविता, सांस्कृतिक कविता, प्राकृतिक कविता रहेका छन् र यसै आधारमा विषयवस्तुको चर्चा गरिएको छ ।

#### ४.२.१.१ सामाजिक विषयवस्तु

समाजमा अवस्थित वर्ग, व्यवहार आदि विभिन्न अवस्थालाई विषयवस्तु बनाएर लेखिने कवितालाई सामाजिक कविता भनिन्छ । यस्तो कवितामा समय, समाज, आर्थिक र सामाजिक अवस्थाको चित्रण पाइन्छ । समाजमा व्याप्त व्यक्तिगत तथा वर्ग सङ्घर्ष, दुःख, सुख, रिसराग, अन्याय एवम् अत्याचार, प्रेम, विछोड जस्ता पक्षलाई आधार बनाएर यस्ता कविता लेखिन्छ ।

सामाजिक कवितामा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने, सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय कोमल भावनाको प्रस्तुति दिने, नैतिक शिक्षा दिने खालका उद्देश्य रहेका हुन्छन् । जसमा साहित्यकार डम्बर पहाडीले **प्रहर** कविता सङ्ग्रहमा संकलित पन्ध्रओटा कवितालाई यहाँ प्रस्तुत गरिएको छ । जस्तै :

| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | जदौ हजुर भन्दै | ५ |
| २. | विशाल छाती भित्रको | ७ |
| ३. | काठमाडौँ | ११ |
| ४. | हाय कान्तिपुरी नगरी | १७ |
| ५. | आँसु पैंचो मागेर | २४-२७ |
| ६. | अन्तर्राष्ट्रिय वर्षहरू | २८ |
| ७. | हतास नहोउ | ३५ |
| ८. | चस्मा लगाइ दिउ जस्तो | ४३ |
| ९. | इलाम | ५० |
| १०. | कङ्गाल | ५३ |
| ११. | कर्मी भोलिका | ६१ |
| १२. | च्यातिएको चौबन्दीमा | ६८ |
| १३. | चेलीको क्रन्दन | ७१-७२ |
| १४. | चेलीको सन्देश | ७४-७५ |
| १५. | प्रियालाई भनेर | ७६-७७ |

**(क) जदौ हजुर भन्दै**

पहाडीद्वारा रचित जदौ हजुर भन्दै शीर्षक कविताभित्र समाजमा भए गरेका दलितप्रति अवहेलनालाई प्रष्ट ढङ्गले प्रस्तुत गरिएको छ । जस्तै :

स्वागतम् यो देशका
उत्पिडित दलित योद्धाहरूलाई
स्वागतम् यो समाजमा
हेपिएका अछुतहरूलाई

यो देशको निर्माणमा
हाम्रो रगत चल्यो
सोधी हेर माटोलाई
हाम्रो श्रम चल्यो
बुद्धि, विवेक, श्रम, सीप
सबै सबै चल्यो

तर
दुष्ट मानवहरूलाई
पानी चलेन

स्वागतम्-
मान्छे भई जीउन चाहनेहरूलाई
स्वागतम्-
मुक्तिकामी वीर योद्धाहरूलाई

उच नीच छुवाछुत
जातियता विभेद
पशु समान सहि बसे
उठ्ने छैन विवेक
अब पक्कै वस्नु हुन्न

जदौ हजुर भन्दै
मुक्तिको दिन टाढा छैन
उठौं मुठ्ठी कस्दै ।

(जदौ हजुर भन्दै, **प्रहर**, पृ. ५-६)

यस कवितामा पहाडीले समाज भित्र भएका वर्ग सङ्घर्षका कुरा व्यक्त गरेका छन् । जसले देशका निम्ति रगत र पसिनाद्वारा योगदान दिए पनि पानी नचल्ने वर्गमा राखिएको छ ।

### (ख) विशाल छाती भित्रको

पहाडीद्वारा रचना गरिएको यस कवितामा समाजमा रहेका विभिन्न जाति अनुसारका पेशामा रहेका व्यक्तिहरूले बनाएका चीजहरूले देश, इतिहास, मानिसहरूको लाज छोपिने जस्ता कुराहरूलाई यसमा समेटिएको छ । जस्तै :

कामीदाइ-
तिमीले बनाएको
हतियार/गोली र संगीनले
देशको इतिहास खोपिन्छ
दर्जी दाइ र दिदीहरू-
तिमीले तुनेका
दौरा/सुरुवाल र टोपीहरूले
सामन्तहरूको
लाज र चेतनाको भण्डार सुरक्षा खातिर छोपिन्छ

(प्रहर, विशाल छाती भित्र, पृ. ७-८)

यस कवितामा समाज भित्रका दलितहरूले आफ्ना देशका लागि बचाउन र इतिहास निर्माण गर्न हतियार बनाएर, दौरा सुरुवाल र टोपी सिलाएर सामन्तहरूलाई सुरक्षा एवं लाज चेतनाका लागि योगदान दिएका छन् । सार्की दाइले सिलाएको जुत्ता लगाएर ती तथा कथित ठुलाहरूको इज्जत जोगाउने काम गरेका छन् । कुचीकार चेली बेटीहरूले कुचो लगाएर सहर, नगर, महानगर आदि स्वस्थ एवं सुन्दर बनाएका हुन्छन् । गाइने दाइले सारङ्गीको माध्यमबाट देश प्रेमले ओतप्रोत भएका लोकधुनहरूले लेक बेंसी र तराईका फाँटहरूलाई गुन्जाएमान बनाएका हुन्छन् । आ-आफ्ना कला संस्कृतिलाई जोगाउन महत्त्वपूर्ण योगदान दिए तापनि उनीहरू वर्गीय द्वन्द्वको चपेटामा परेका छन् । उनीहरू मुक्तिको खोजीमा हिड्दा उनीहरूको विशाल छाती भित्र कठोर र कोमल हृदय भित्र गोली र संगिन रोपिएका छन् भन्ने भाव पुष्टि गरिएको छ ।

**(ग) काठमाडौँ**

यस कवितामा कविले काठमाडौँ नामक शीर्षक दिएका छन् । काठमाडौँ हाम्रो देशको राजधानी भए पनि कुनै दृष्टिकोणले शान्त देखिँदैन । जस्तै :

काठमाडौँले
सिङ्गै देश तस्करी गरिरहँदा पनि
स्वयम्भू
लाटो कोसेरो झैँ
खै के हेरिरहेको छ ?

(काठमाडौँ, प्रहर, पृ. ११)

यस कवितामा पहाडीले राजधानी जस्तो सम्यमित स्थानमा पनि तस्करी एवं भ्रष्टाचारले रातारात विध्वंशात्मक गतिविधि मच्चाइरहेको छ । त्यस्तो हुँदा पनि स्वयम्भुले लाटो कोसेरो जस्तो भएर मुकदर्शक छन् । जनताले एकरति पनि सुरक्षा

अनुभूति गर्ने पाएका छैनन् । सर्वसाधारण जनताहरूले भने अन्यायलाई सहन गर्नु परेको छ । देशको आराध्यदेव पशुपति नाथले पनि भ्रष्टाचारी, तस्करीलाई पापको भागिदार बनाउनुको साटो अझ चुप लागेर बसेका छन् । काठमाडौँ सोझा यिसधा जनताका लागि नभएर भ्रष्टाचारी, तस्करी मात्र मौलाउने केन्द्रविन्दु बनेको छ भन्ने भाव देखिन्छ ।

### (घ) आँसु पैंचो मागेर

यस कवितामा कविले समाजमा भए गरेका संस्कृति संस्कारलाई मूर्त रूप दिँदा पनि युद्धको चपेटामा पर्नु परेको र सङ्घर्षमा होमिनु परेको साना साना बालबालिकाहरूदेखि वृद्धवृद्धासम्मका मानिसहरू सन्त्रासको जीवन भोग्न बाध्य भएका छन् समाजमा कलङ्कको स्वर गुन्जाएको पाइन्छ । जस्तै :

दुध मुखे ओठहरू लिएर
कलिला नानीहरू खेलिरहेका छन्
सडक, मैदान र आँगनमा
विध्वंशका पखेटा फर्फराउँदै
उडिरहेका छन् गिद्धहरू आकासमा
आमा दिदी बहिनीहरू
दुना टपरी गाँसिरहेका छन्
सिकुवामा बसेर
त्रास सन्त्रासको कथाहरू भनेर
फेरि पनि धावा बोल्यो रे
आमा भाग्दै किन् रे ।
(आँसु पैंचो मागेर, प्रहर, २४-२७)

यस कवितामा सामाजिक संस्कारलाई पनि त्रासै-त्रासमा जोगाइ राखिएको छ तैपनि साना-साना बालबालिकादेखि लिएर वृद्ध वृद्धासम्मकालाई विध्वंशको चपेटामा पर्नु परेको छ । तात्कालीन समयमा भएको युद्धको चर्चा परिचर्चा गरिएको छ । दुधे बालकलाई काखमा च्यापेर सुरक्षाका निम्ति भागेका छन् । अनायास बमबाडको आवाजले चारैतिर गड्याम, गुडुम भएर पर्वत मालाहरू काँपेका छन् । धुँवाका काला मुस्ला मडारिएर उडिरहेका छन् । धर्ति उजाड भएको छ । युद्ध झन चर्कदै गएको छ । बामे सर्न नसक्ने बच्चाहरू कोक्राबाट भाग्न खोजी रहेका छन् ।

युवायुवतीहरू बन्दुकको नाल छातीमा थापिरहेका छन् । तोप, मेसिनगन, बन्दुकको पर्रा अगाडि कविता लेख्ने कलमहरू युद्ध क्षेत्रमा शान्तिका सन्देश लेख्न

पङ्क्तिबद्ध नभएर भासिएका छन् । अनयाय, अत्याचार, दमन, शोषण सल्बलाइरहेका छन् । युद्धका विभिषिकाहरू श्मसानघाटमा क्षत विक्षत भएर आँसु खोजी गरिरहेका छन् भन्ने कुरा चित्रण गरिउको छ ।

'अन्तर्राष्ट्रिय वर्षहरू' मा गरीबको चित्रण गरिएको छ । कविता/कवितामा दिनभरि तर्तरी पसिना चुहाएर रिक्सा चलाएर पनि एक राम्रोसँग खान नपाएर र भोकको चपेटामा परेर बाँचिरहेका छन् ।

'हतास नहोऊ' भन्ने कवितामा निम्न वर्गीय समाजको मुक्तिका निम्ति आवाज उठाएका छन् ।

'चस्मा लगाइ दिउ जस्तो' कवितामा नेपाली समाजमा पुजीत मन्दिरहरूलाई रुगेर पनि कतै कतैबाट मन्दिरका मूर्तिहरू विदेशमा पलाएन गरेका र त्यसको सुरक्षाका लागि निम्न वर्गीय समाजले आठै प्रहर खटेका कुरा व्यक्त गरेका छन् ।

'इलाम' कवितामा समाजका सोझा महिला माथि भइरहेको बलात्कार जस्ता जघन्य अपराध हुँदा पनि निम्न वर्गका जनताहरू सहेर बस्नुपरेको अवस्थाको चित्रण रहेको छ ।

'ज्यामी' कवितामा समाजका सोझा जुनताहरूले आफ्नो पेशा गरेर पनि भोकै बाँच्नु पर्ने स्थितिको चित्रण पाइन्छ ।

'कङ्गाल' कवितामा समाजका गरीब जनताहरूले विदेशी भूमिमा रगत पसिना बगाएर कमाएर ल्याएको सुनहरू जहाज अवतरण गर्ने ठाउँको चर्पिमा छोडेर फर्कनु पर्ने बाध्यता रहेको छ । त्यसमा तस्करहरू हाकिमहरू धनि भएका छन् भने जनताहरू हरिकङ्गाल भएर बाँच्नु परेको अवस्थाको चित्रण गरिएको छ ।

'कर्मी भोलिका' कवितामा नेपाली दलितका बालबालिकाहरूले भोकिलो नेपाललाई विश्वभर चिनाउन शान्ति सन्देश छरेर संसारका बालबालिकालाई चेतना भर्ने र देशलाई एउटा सुन्दर र कलात्मक देश बनाउने कुरा व्यक्त गरिएको छ ।

'च्यातिएको चौबन्दीमा' नामक शीर्षक कवितामा समाजका महिलाले लगाएका चौबन्दी चोलो च्यातिएको छ । गरीब भएर पनि सबैलाई माया दिने

गर्दछिन् । यस कवितामा परिणयका कुरा मायमा पिरतीका कुरा आदिलाई प्रस्तुत गरिएको छ ।

'चेलीको सन्देश' नामक शीर्षक कवितामा कविले समाजका ग्रामीण परिवेशका चेलीबेटीहरूले आफ्ना माइती दाजुभाइलाई परदेशमा भएको भए पनि आफ्नो घर सम्झेर फर्कनु भन्ने भाव व्यक्त गरेका छन् । गरीब जनतालाई दुःख दिने ती राइफल फ्याँकेर फर्कन भनुरोध गरेका छन् । समाजमा भएको अन्याय अत्याचार एवं दमनकारी भाव त्यागेर आफ्नो गाउँमा फर्कन आग्रह गरेका छन् । सामन्तीहरूले जालझेल गरेर आफ्नो घर, जग्गा हड्पेका छन् । घर आँगन अँध्यारो भएको छ । खुशीको कुनै रौनक रहेको छैन । न्याय खोज्दै गएकालाई न्याय नदिई उल्टै सुकुम्बासीको स्थानमा राख्ने गरेका छन् भन्ने भाव व्यक्त गरिएको छ ।

यसरी साहितयकार डम्बर पहाडीले सामाजिक परिवेशको घटनालार्य आधार बनाएर कविता लेखेका छन् । यसमा अन्याय, अत्याचार, दमन, वर्गीय उत्पिडन, शोषण, हत्या, हिंसा, गरीबी आदिलाई चित्रण गरेर समाजलाई मुक्तिको बाटोमा डोऱ्याउन प्रेरणा दायिक हुन सक्छ भन्ने हेतुले यी कविताहरू लेखेका छन् ।

### ४.२.१.२ राजनीतिक विषयवस्तु

**प्रहर** कविता सङ्ग्रह (२०५९) साहित्यकार डम्बर पहाडीको कविता सङ्ग्रह हो । यो कविता सङ्ग्रहमा राजनीतिक विषयलाई आधार बनाएर लेखिएको छ । यस कविता भित्र राजनीतिक विषयलाई आधार बनाएर १८ ओटा कविता संकलित रहेको छ । यी कविताहरू निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | आखिरी जीन्दगी | १ |
| २. | मूर्दावाद ! जिन्दावाद | २ |
| ३. | सल्काउनै पर्छ | १० |
| ४. | रगतले रङ्गिएको मञ्चमा | ३८ |
| ५. | बिहानीको घाम जस्तै | ४० |
| ६. | भोक चपाएर | ४४ |
| ७. | भोट | ४७ |

| | | |
|---|---|---|
| ८. | शहीदको रगतमा | ५७ |
| ९. | अन्तिमै सम्म डटी लडौला | ५८ |
| १०. | के भर अरूको | ५९ |
| ११. | लौ धावा बोल्देउन | ६२-६३ |
| १२. | तिमीलाई | ६४ |
| १३. | बाँचेर फर्के | ६५ |
| १४. | झ्यालखाना नै प्यारो छ | ६६ |
| १५. | झुकदैन वीर | ६७ |
| १६. | भेरकिो तीरमा | ६९ |
| १७. | प्रियालाई भनेर | ७६-७७ |
| १८. | हामी केबल | ७९ |

राजनीतिक कविताको विषयवस्तु सामाजिक, राजनीतिक र त्यसबाट उत्पन्न स्थित हुन्छ । कुनै निश्चित राजनीतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्व, घातप्रतिघात आदि विषयवस्तु प्रस्तुति रहेको हुन्छ ।

साहित्यकार डम्बर पहाडीका **प्रहर** कविता सङ्ग्रहमा पनि राजनीतिक परिवेशलाई आधार बनाएर बविता रचना गरेका छन् । जस्तै :

**(क) आखिरी जिन्दगी**

आखिरी जिन्दगी
एकनाल बन्दुकको
एउटा गोली नै त हो
जति बेला पनि
पड्की दिन सक्छ
आखिरी जिन्दगी
एक त्यान्द्रो धागोको
एउटा सुर्को नै त हो
तममा जनमुक्तिको दौरानमा
फासिष्टको पञ्जामा पर्दा
फाँसीमा सुर्की दिन पनि सक्छ
(आखिरी जिन्दगी, प्रहर)

यस कवितामा देशमा तात्कालीन समयमा भएको सशस्त्र युद्धको चर्चा गरिएको छ । जुन बेला मुक्तिको दौरानमा हिडेका हुन्छन् त्यस बखतमा गोलीको पर्रा छाती थाप्न पनि नडराउने अवस्थाको चर्चा गरिएको छ । फासिष्टको पञ्जामा परेर फाँसी चड्न पनि हाँसी हाँसी तयार भएका हुन्छन् ।

**(ख) मुर्दावाद ! जिन्दावाद !!**

जातिय भेदभाव
मुर्दावाद ॥
सामन्ती उत्पिडन
मुर्दावाद ॥
उत्पिडित जन एकता
जिन्दावाद ॥
सांस्कृतिक आन्दोलन
जिन्दावाद ॥
क्रान्तिकारी तादोबाट
तीरहरू-
अब एकै चोटी छुट्नु पर्छ ।
(प्रहर, मुर्दावाद जिन्दावाद)

यस कवितामा कविले जातीय उत्पिडनका पीडाहरूलाई आन्दोलन र नारावाजीका माधयमबाट मुक्ति दिलाउने कुरा व्यक्त गरेका छन् । अन्याय, अत्याचार, दमन, शोषण गर्ने सामन्ती सत्ताका विरुद्धमा यो कविता लेखिएको हो । सम्पूर्ण दलित वर्गहरूको जन एकताका माध्यमबाट सामन्ती संस्कारका विरुद्ध लडेर एउटै मोर्चाबाट नारावाजी गरेर वा आन्दोलन गरेर भए पनि मुक्तिको आवाज गुन्जाउन प्रयत्नशील रहेका छन् भन्ने भाव प्रष्ट हुन्छ ।

**(ग) सल्काउनै पर्छ**

भयङ्कर आँधिवेहरी
बाढीको सङ्केत हुँदैछ
अब त्यसो भयो भने
आगोका फिलुङ्गा सल्कन सक्छ
अनि आकास माथि-माथि
धुवा भौतारिदै मडारिन सक्छ ।
त्यसैले माछ्राहरू-
होसियार ! होसियार ! होसियार !
(प्रहर, सल्काउनै पर्छ)

यस कवितामा जनमुक्तिका लागि हिडेका जनताका विरुद्धमा तात्कालीन समयको चर्चा गरिएको छ । निर्दलीय र बहुदलीय व्यवस्थाको उतार चढाव भएका समयमा गिर्नेट, कार्तोस र अश्रुग्यासले तानाशाही प्रवृत्तिलाई जोगाइ राख्ने र प्राप्त गरिएको प्रजातन्त्रलाई तुहाउन हर प्रयास गर्न खोजिएको छ । माछ्राहरू भन्नाले तत्कालीन समयका सत्तासिन शासक वर्गलाई मोर्चाबद्ध भएर जनताहरूले पाखा

लगाउनका लागि संगठित रूपमा लागि पर्ने र जनतालाई मुक्तिको बाटो लान मुर्दावाद जिन्दावाद जस्ता नाराहरू घन्काउनका लागि अगि सरेका देखिन्छन् ।

**(घ) रगतले रङ्गिएको मञ्चमा**

देउराली भन्छन् यहाँको
फूल र पातीले पुजिन्छ
देवदेवता भन्छन् यहाँको
रगतले ढुङ्गा पोतिन्छ

हाँस्दछन् यहाँ हजारौं
मानिसहरू मानिसको रोदनमा
नाच्दछन् यहाँ दानव
रगतले रङ्गिएको मञ्चमा

जम्दछ यहाँ रगत
निशान छैन कसैको
गाउँदछन् यहाँ भिखारी
आश्वासन छैन उसैको

(प्रहर, रगतले रङ्गिएको मञ्चमा)

यस कवितामा देउरालीलाई फूलपातिले पूजा गरिने गरिएको छ । देवीदेवताको शिलामा भने रगतले पोतिएको हुन्छ । मुक्तिकामी जनताहरूले रोदनमा पनि हाँसो देख्दछन् । यहाँ दानवी प्रवृत्तिका शासक वर्गले जनताको स्वतन्त्रताप्रतिको भावलाई खल्बल्याएको छ । प्रजातान्त्रिक मुलुकमा अन्याय, अत्याचार, दमन हुन्छ भने त्यस बेला जनताहरूले देशका निम्ति मर्न पछि पर्दैनन् । रगतले मञ्चहरूलाई रङ्ग्याउने र देशबाट अन्याय आदि शोषण हटाउन प्रयत्नशील छन् भन्ने भाव प्रष्ट हुन्छ ।

**(ङ) बिहानीको घाम जस्तै**

वेदनामा जिन्दगी
रोइ कहिल्यै बस्दैन
अघि बढ्छ जिन्दगी
पछि कहिल्यै हट्दैन

पारिपारि क्षितिज पारि
बढ्दै जान्छ जिन्दगी
कावा खाँदै माथि माथि
उड्दै जान्छ जिन्दगी

बिहानीको घाम जस्तै
उज्यालो छ जिन्दगी
सगरमाथा लक्ष लिई
चढ्दै जान्छ जिन्दगी
(प्रहर, बिहानीको घाम जस्तै)

यस कवितामा विजयको झल्को देखाइएको छ । राजनीतिक सङ्क्रमणमा कुण्ठित भएका जनताहरूले शान्तिको सास फेर्न सकिन्छ भन्ने आशा गरेका छन् । आँसु पछिको हाँसोले गरीब उत्पिडित, शोषित निम्न वर्गीय जनताहरूले मुक्तिको गाना गाएका छन् । जीवन अब विजयको बाटो अघि बढेको छ । नेपाली जनताहरू कहिल्यै पनि पछि हट्न जानेका छैनन् । अबका दिनहरूमा सुखको अनुभूति गर्न पाइन्छ भन्ने आशा गरेका छन् । देशमा प्रजातन्त्रको स्थापना हुने छ । त्यसबेला हाम्रो शिर सगरमाथाझैँ उच्च रहने छ । हामीले अन्याय, अत्याचार, शोषण, दमन आदि कुकार्यबाट छुटकारा प्राप्त गर्दैछौं । शान्तिपूर्वक ढङ्गले हामी आफ्नो विजय प्राप्त गरेका छौं भन्ने विचार व्यक्त भएको पाइन्छ ।

**(च) भोक चपाएर**

यस कवितालाई पहाडीले राजनीतिक विषयवस्तुलाई आधार बनाएर लेखेका हुन् । जहाँ मानिसहरू गास, बास र कपास नपाएर छट्पटाई रहेका छन् । अङ्गमा कपडाहरू च्यातिएका छन्, चुलोमा माकुराको जालो रहेको छ । भोकभोकै बस्नु पर्ने अवस्था रहेको छ । निम्न वर्गीय त्यसमा पनि दलितहरूलाई सामन्तहरूले कुण्ठित पारेर दमन गरेको चित्रण रहेको छ ।

**(छ) भोट**

यस कवितामा राजनीतिक विषयमा आधारित चुनावी समयको परिवेशलाई आधार बनाएर लेखिएको छ । यसमा सर्वसाधारण जनताले भोट दिएर जिताएका नेताहरू पैसा कमाउन अघि सर्छन् तर जनताको घरदैलोमा फर्केर जादैनन् । नेता गगनचुम्बी महलहरू ठड्याउने धुनमा लागेका हुन्छन् । उनीहरू भोट माग्ने बेलामा मात्र जनता घरदैलोमा जाने गर्दछन् । यस्ता भ्रष्टाचारी नेतालाई जनताले स्विकार गरेको पाइँदैन भन्ने कुरा प्रष्ट हुन्छ ।

### (ज) शहीदको रगतमा

यस कवितालाई साहित्यकार पहाडीले राजनैतिक विषयवस्तुलाई आधार बनाएर लेखेका हुन् । यसमा क्रान्तिकारी योद्धाहरू रणभूमिमा गएका छन् । उनीहरू शासक वर्गको गोलीको पर्रा छातिमा थाप्न तयार रहेका छन् । ती फासिष्टहरूका बन्दुकहरू भुस्याहा कुकुर जस्तो कुर्लिरहेका छन् । उनीहरू जनताका साम् झुक्न बाध्य भएका छन् । हाम्रा वीरयोद्धाहरूको रगतमा क्रान्तिको विजय हासिल भएको छ । लेक, बेंसी, हिमाल, पहाड, तराईका फाँटहरूमा विजयको खुशी फैलिएको छ । हाम्रा शहीदहरूप्रति शद्धाभाव प्रकट गरेको यस कविताका माध्यमबाट प्रष्ट हुन्छ ।

### (झ) अन्तिमै सम्म डटी लडौंला

साहित्यकार पहाडीद्वारा लिखित 'अन्तिमै सम्म डटी लडौंला' नामक शीर्षक कविता राजनैतिक विषयलाई आधार बनाएर लेखेका छन् । यसमा जनमुक्तिका लागि सङ्घर्षशील योद्धाहरूले आफ्नो साहस देखाएर शासक वर्गको अत्याचारी प्रवृत्तिलाई जरैदेखि उठाएर फ्याँक्न खोजेका छन् । देशमा भएको अन्याय, अत्याचार, दमन, बलात्कार, शोषण, पीडा आदि कुरालाई हटाउने र सुन्दर देश सबै जातजातिका मानिसहरूले एकताबद्ध भएर तडाइँको अन्तिम क्षणसम्म लड्यो भने हामीले आफ्नो मातृभूमिको कसम खाएर शहीदको सपनालाई साकार रूप दिन र वीर योद्धा सपूत जन्माउन अघि बढ्ने कुरा प्रष्ट पारिएको छ । हामी जनताहरू मुक्तिकै लागि जन्मिएका हौं । मुक्तिका लागि लडि रहन्छौं । हाम्रो विजय निश्चित भएकाले अन्तिमसम्म पनि डटेर लड्ने विचार व्यक्त गरेका छन् ।

### (ञ) के भर अरूको

साहित्यकार डम्बर पहाडीद्वारा लिखित 'के भर अरूको' नामक शीर्षक कविता राजनीतिक विषयलाई आधार बनाएर लेखिएको छ । यसमा वर्ग सङ्गघर्षका कुरालाई मूर्तरूप दिन खोजिएको छ । आफ्नोलाई आफैले बचाउनु पर्छ अरूको भर हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् । आफ्नो मातृभूमि भित्र रहेको चौतारीमा भारी विसाउँदै सुसेली हालेर गीत गाउँदा आफ्नो हृदयदेखि आनन्दको महसुस हुन्छ । देशमा अन्याय, अत्याचार भएको नेपाली वीर सपूतहरूले सहँदैनन् । देशमा त्यस्तो अवस्था आएमा सहेर बस्न नसक्ने कुरा व्यक्त गरिएको छ ।

### (ट) लौ धावा बोल्देउन

साहित्यकार पहाडीद्वारा लिखित 'लौ धावा बोल्देउन' नामक शीर्षक कवितालाई राजनैतिक विषयलाई आधार बनाएर लेखिएको छ । यस कवितामा वर्ग सङ्घर्षका कुरा व्यक्त भएका छन् । यसमा राजनीति भित्र विद्रोहका कुरा रहेका छन् । गाउँ बस्तीहरूमा समेत वैरीका गिद्धे नजर लागेका छन् । गरीब, दुःखी, पिछडिएका जातजातिका मानिसहरूलाई अन्यायको मारमा घोक्र्याइँदैछ । देशको मायालाई छातिमा राखेर युद्धमा होमिनु परेको छ । यसमा जनमुक्तिको खातिर नेपाली जनताले भोग्नु परेको र युद्धका धावा बोल्देउन भन्ने विचार व्यक्त गरेका छन् । हाम्रा चेलीबेटीहरू दाजुभाइहरू वैरीका सामु कहिल्यै नझुकेको र ती वैरीहरूको पनि सामना गर्दै विजय प्राप्त गर्न सफल भएको कुरा उल्लेख गरेका छन् ।

### (ठ) तिमीलाई

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्रको 'तिमीलाई' नामक शीर्षक कविता राजनीतिक विषयलाई आधार बनाएर लेखिएको छ । यसमा क्रान्तिकारी विचार प्रस्तुत गरिएको छ । क्रान्तिकारी शहीद योद्धाहरूहरूले देशका निम्ति आफ्नो प्राण आहुती दिएर देशलाई कुशासनबाट मुक्ति दिलाउने महत्त्वपूर्ण कार्य गरेका छन् । हिम शिखरका हिम ज्योति, जनताको न्यायनो माया, इन्द्रेणीको गलबन्दी पनि अमर शहीदप्रति टक्र्याउन सफल भएका छन् । शहीदहरूको रगतको मूल्याङ्कन गर्दै उनीहरूले गरेका अधुरा कार्यलाई कहिल्यै पनि नविर्से देश र जनताको मुक्तिका निम्ति सदा सर्वदा अघि बढी रहने र शहीदहरूलाई सधैँ आदर, श्रद्धा गरी अगाडि बढ्ने विचार व्यक्त गरिएको छ । युद्ध भूमिमा लडी रहँदा सधैँ देश र जनताको मुक्तिका लागि निस्वार्थ भावले लडेको हुँ भन्ने विचार अभिव्यक्त भएको पाइन्छ ।

### (ड) बाँचेर फर्के

पहाडीद्वारा लिखित बाँचेर फर्के नामक शीर्षक कविता राजनीतिक विषयलाई आधार बनाएर लेखिएको हो । यसमा मानवको उच्च विसङ्गतिवादी प्रवृत्ति देखिएको छ । देशको एक स्वाभिमान सिपाही भएर पनि आफ्ना घर, परिवार, बालबालिकाहरूलाई विर्सेर युद्ध भूमिमा जानु परेको छ । लाहुरे बनेर दुष्मनको

छातीमा गोली छेडेर फर्किने र आफ्नो कर्तव्यप्रतिको बोझलाई सुल्झ्याउन खोजिएको छ । यसमा साहुलाई तिर्नु पर्ने श्रण तिर्न नसकी दिन रात मोतीका दान झैं आँसु बगाएर बाँच्नु परेको चित्रण रहेको छ ।

**(ढ) झ्यालखान नै प्यारो छ**

साहित्यकार पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र रहेको 'झ्यालखान नै प्यारो छ' नामक शीर्षक कविता राजनीति विषयलाई आधार बनाएर लेखिएको हो । यसमा वर्ग सङ्घर्षका कुराहरू भएका छन् । देशको मुक्तिका निम्ति आफू फाँसीमा झुण्डिन तयार भएको र दुष्ट, फासिष्टहरूका अगाडि कहिल्यै पनि नझुक्ने ढुङ्गा जस्तो साह्रो भएर झ्यालखानामा नै बाँच्ने कुरा व्यक्त गरिएको छ । जनता र देशको हितका निम्ति माया, प्रेम, सद्भावलाई छातिमा राखेर जनताकै निम्ति झ्यालखानामा हाँसेर बसेको, त्यस्तै मुक्तिका लागि लड्ने योद्धालाई कैदी भनेर कहिल्यै पनि नरुनु देश र जनताकै मुक्तिका लागि झ्यालखानामा परेको हो भन्ने कुरा बुझ्नु जरुरी छ । झ्यालखानाबाट बाँचेर फर्केमा क्रान्तिका गीतहरू गुञ्जाउँदै फर्कने र झ्यालखानामै मरेमा जनताको कोमल हातबाट अविरको टीका र माला लगाएर सदाका लागि अमर रहँला भन्ने कुरा प्रष्ट हुन्छ ।

**(ण) झुक्दैन वीर**

साहित्यकार पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र रहेको 'झुक्दैन वीर' नामक शीर्षक कविता राजनीतिक विषयलाई आधार बनाएर लेखिएको हो । यसमा अन्यायका विरुद्धमा सङ्घर्षशील भएको कुरालाई समेटिएको छ । युद्धमा होमिने वीरको मृत्यु निश्चित भए पनि ऊ मृत्युदेखि डराउँदैन । उच्च शिर राखी रहन्छ । वीर शहीदहरूको रगत सदा चम्किलो भइरहन्छ । देश र जनताको मुक्तिका लागि फासिष्टका अगाडि कहिल्यै पनि नकुभी, ननिहुरी अघि बढ्नु पर्छ भन्ने कुरा प्रष्टिन्छ । दुश्मनका अगाडि कहिल्यै पनि नडराइ बन्दुकका अगाडि छाति फर्काइ दिने कुरा राखेका छन् । फासिष्टहरूलाई जनताका सामु एक दिन घुँडा टेकाउने र गरीब जनताको घर आँगनमा खुसीको बत्ती बाल्ने कुरा व्यक्त गरेका छन् ।

पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्रको राजनीतिक विषयलाई आधार बनाएर लेखिएका अन्य कविताहरू 'भेरीको तीरमा', 'प्रियालाई भनेर', 'हामी

केबल' कवितामा क्रमशः वर्ग सङ्घर्षका कुरा, अन्याय, अत्याचार, दमन, शोषण, जातीय भेदभाव आदिको चर्चा गरिएको छ ।

यसरी पहाडीद्वारा रचना गरिएको **प्रहर** कविता सङ्ग्रह भित्र राजनीतिक विषयवस्तुमा आधारित कविताहरूमा वर्गीय हिंसा, अन्याय, अत्याचार, दमन, शोषण, वर्ग सङ्घर्ष, उत्पिडन, पीडा आदि समेटेर राजनीतिक तवरबाट मुक्ति दिलाउन प्रेरणादायिक हुन सक्छ भन्ने हेतुले यी कविताहरू लेखिएको हो ।

### ४.२.१.३ ऐतिहासिक विषयवस्तु

लेखकको जन्म भन्दा अगाडि घटेका घटनालाई लिएर लेखिएको कवितालाई ऐतिहासिक कविता भनिन्छ । यसमा इतिहासको विषयवस्तु मुख्य रूपमा आएको हुन्छ । इतिहासको कुनै महत्त्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्र चित्रण अनुसार देश, काल र वातावरणको सिर्जना हुन्छ ।

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहार** कविता सङ्ग्रह भित्र तीनओटा कविताहरू पनि ऐतिहासिक विषयमा आधार बनाएर लेखिएको जुन यस प्रकार छ । यसलाई तालिकामा समावेश गरिएको छ ।

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | उत्पीडित | ३ |
| २. | शहीदहरूलाई | ७० |
| ३. | झुक्दैन | ७८ |

**(क) उत्पीडित**

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र 'उत्पीडित' नामक शीर्षक कविता रहेको छ । जस्तै :

तानाशाहहरूको छातीमा
ज्वालामुखी बनेर
लम्की दिन सक्दछ उत्पिडित/दलित
बन्दुक
काँधमा भिरेर
युद्ध मैदानमा
परेड खेली दिन सक्दछ उत्पिडित/दलित
अन्याय/अत्याचार

र,
सामन्ती
कुरीति संस्कार
विरुद्ध सामाजिक परिवर्तन खातिर
चट्याङ्ग बनेर
चड्की दिन सक्दछ उत्पिडित/दलित

(प्रहर, उत्पिडित)

यस कवितामा डम्बर पहाडीले तात्कालीन समयमा तानाशाहीहरूले दलित माथि गरेको अत्याचारका विरुद्धमा ज्वालामुखी बनेर सखाप पार्ने हिम्मत गरेका छन् । काँधमा बन्दुक बोकेर युद्ध मैदानमा उत्रिन सक्दछन् भन्ने कुरा उल्लेख छ । अन्याय र अत्याचारका विरुद्धमा चट्याङ बनेर चड्कीन सक्दछन् सामन्ती शासनको कुरीति, कुसंस्कार विरुद्धमा उत्रिएर देशलाई ऐतिहासिक ढङ्गले परिवर्तन गर्न सक्दछन् भन्ने कुरा उल्लेख छ ।

**(ख) शहीदहरूलाई**

डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र 'शहीदहरू' लाई नामक शीर्षक कविता रहेको छ । जुन ऐतिहासिक विषयवस्तुलाई आधार बनाएर लेखिएको छ । जस्तै :

युद्ध भूमि गएर
लडेका वीरहरूलाई
कोटी कोटी श्रद्धाञ्जली छ
अमर ती शहीदहरूलाई

(प्रहर, शहीदहरूलाई)

यस कवितामा पहाडीले युद्ध भूमिमा लडेका वीरहरूलाई करोडौं करोडौं भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका छन् । ती शहीदहरूले देखेका सपनालाई हामीले साकार पार्नु पर्छ अनि मात्र शहीदहरूको आत्माले शान्ति पाउने छ भन्ने कुरा उल्लेख छ । शहीदहरूले गरेको कार्य आकाश भन्दा विशाल छ, धरती भन्दा फराक, हिमाल (सगरमाथा) झैं उच्च छ । गोलीले छट्पटिएको रगतमा लत्पतिएको ती वीर योद्धाहरूलाई करोडौं करोडौं भावपूर्ण श्रद्धाञ्जली दिई ऐतिहासिक कृति लेखिएको छ भन्ने कुरा उल्लेख छ ।

**(ग) झुक्दैन**

पहाडीद्वारा लिखित **प्रहार** कविता सङ्ग्रह भित्र सङ्कलित 'झुक्दैन' नामक ऐतिहासिक विषयमा आधारित रहेको छ । जस्तै :

जीवन चढाउने
ती योद्धाहरूको
विश्वास कहिल्यै पनि मर्दैन
मर्दैन
मर्दैन
विश्वास कहिल्यै पनि मर्दैन ।
(प्रहर, झुक्दैन)

यस कवितामा पहाडीले तात्कालीन समयमा योद्धाहरूको विश्वास कहिल्यै मर्दैन । आमाको दुध र वीरको रगत कहिल्यै पनि सुक्दैन । सगरमाथा हिमालमा वीर कहिल्यै झुक्दैनन् । उनीहरू कहिल्यै पनि अन्यायका अगाडि झुक्दैनन् । नेपाली वीर पुरुषहरू आफ्नो देश र जनताको हितका लागि मर्न पनि पछि पर्दैन भन्ने कुरा प्रष्ट हुन्छ ।

**निष्कर्ष**

यसरी साहितयकार डम्बर पहाडीले ऐतिहासिक सोच विचार राखेर कविता सिर्जना गरेका छन् । उनले नेपाली योद्धाहरूले देशमा भइरहेका अन्याय, अत्याचार, दमन, शोषण आदिलाई परास्त गर्नका लागि र देशमा शान्ति, सुरक्षा, अमनचयन आदिलाई बचाई राख्न वीर योद्धाहरूले महत्त्वपूर्ण योगदान गरेका छन् ।

### ४.२.१.४ सांस्कृतिक विषयवस्तु

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र चारओटा सांस्कृतिक विषयवस्तुलाई आधार बनाएर कविता लेखेका छन् । जुन तालिकामा निम्नानुसार दिइएको छ । जस्तै :

| क.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | व्यङ्ग्य | ३७ |
| २. | जस्तो | ४५ |
| ३. | समाधान | ४६ |
| ४. | क्यामेरा भित्र बन्द | ५५ |

**(क) व्यङ्ग्य**

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र 'व्यङ्ग्य' नामक कविता हो । यसमा नेपाली संस्कृतिलाई आधार बनाएर लेखेका छन् । जस्तै :

चोट्टै परेको छ
हिजो आज त

त्यसले-
चौबन्दी हैन
कुर्ता पैह्रिन थालेकी छे
गउनको गुन्यु हैन
सुरुवाल र खालो भिरेकी छे
परैबाट
हस्सै गन्हाउने
अतर पनि छरेकी छे
चप्पल त पक्कै हैन
पेन्सिल हिलले अग्लिएकी छे
बा र आमा भन्न छाडी
प्याउलिँदै
मम् र ड्याड् भन्न थालेकी छे।
(प्रहर, व्यङ्ग्य)

यस कवितामा साहित्यकार पहाडीले नेपाली संस्कृतिप्रतिको व्यङ्ग्यलाई उजागर गरेका छन्। यसमा कसैलाई भने भ्याई नभ्याई छ भने कसैलाई अहिलेका आधुनिक किसिमका पहिरन लगाउनु परेको छ। हिमाली जडीबुटीलाई पर फ्याँकेर विदेशी अत्तर प्रयोग गर्दै हिडेका छन्। आफ्नो परम्परादेखिको मूल्य र मान्यतालाई छाडेर बा/आमालाई ड्याड्/मम् भनेका छन्।

**(ख) जस्तो**

यस कविता साहित्यकार पहाडीद्वारा रचना गरिउको हो। यो कविता **प्रहार** कविता सङ्ग्रहको 'जस्तो' नामक कविता हो। यो सांस्कृतिक मूल्यमा आधारित रहेको छ। जस्तै :

आज भोलि त
कराइमा भन्दा
हत्केलामा-
तेल घसेर हिड्नेको सङ्ख्या
दिन प्रतिदिन बढ्दो छ
त्यसैले त-
यसपालिको तिहारमा
सेल पकाउन
खाने तेल
महङ्गो होला जस्तो छ।
(प्रहर, जस्तो)

यस कवितामा साहित्यकार पहाडीले नेपाली संस्कृतिलाई जगेर्ना गर्नका लागि गरीबको व्यथिति चित्रण गरिएको छ । यसमा कुनै व्यक्तिहरूको घरमा कराइमा राख्ने तेलको अभाव भएको छ भने कसैको टाउकामा चपलक्कै पारेर हिड्ने गरेका छन् । गरीबहरूले चाडपर्वको बेलामा पनि खानेकुरा सहज ढङ्गले खान नपाएको अवस्थाको चित्रण गरिएको छ ।

**(ग) सावधान**

यस कवितामा कविले आर्थिक अभाव भए पनि आफ्नो संस्कृतिप्रतिको मोहलाई विर्सनु हुँदैन । अरूले कसैले सित्तैमा केहि दिएमा नखानु त्यसले शारीरिक, मानसिक एवं संवेगात्मक ढङ्गले असर गर्दछ । त्यस कारण सावधानी अपनाउनु उत्तम हुन्छ भन्ने कुरा प्रस्ट हुन्छ ।

**(घ) क्यामेराभित्र बन्द**

यस कवितामा साहित्यकार पहाडीले आफ्नो देशमा भएका कला संस्कृतिलाई जोगाएर राख्नु पर्दछ । आफ्नो देशको कुनै पनि वस्तुलाई अरूले आफ्नो देशमा ओसार्न प्रयत्नरत रहेका छन् । क्यामेराको माध्यमबाट भए पनि हाम्रो कला संस्कृतिलाई उनीहरूले अनुकरण गर्न खोजिरहेका छन् ।

**निष्कर्ष**

यसरी साहित्यकार डम्बर पहाडीले आफ्नो देशको कला, भाषा, संस्कृति, रीतिरिवाज, परम्परा आदिलाई कहिल्यै पनि विर्सनु हुँदैन अरूको संस्कृतिलाई अँगाल्नु जस्तो भयावह केहि पनि हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् ।

### ४.२.१.५ प्राकृतिक विषयवस्तु

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहार** कविता सङ्ग्रह भित्र पनि प्राकृतिक विषयवस्तुमा आधारित कविता लेखेका छन् । जुन तालिकामा प्रस्तुत गरिएको छ । यसमा जम्मा १५ (पन्ध्र) ओटा कविताहरू रहेका छन् ।

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | प्रत्येक विहानीका प्रहरहरूमा | ९ |
| २. | चुनौती त तिमीलाई | १२ |

| | | |
|---|---|---|
| ३. | आकास हेर्दै | १३ |
| ४. | फगत बगरे ढुङ्गा | १४ |
| ५. | बन्दकी पो... | १५ |
| ६. | हाय कान्तिपुरी नगरी | १७ |
| ७. | मौनताको कोक्रोबाट | २०-२१ |
| ८. | हुनु के थियो खै | २२-२३ |
| ९. | बादलले छोपेको बस्ती | ४१ |
| १०. | नेपालीको अस्तित्व र गौरव | ४९ |
| ११. | शुप्रभातलाई | ५१ |
| १२. | खै इलाम कस्तो छ | ५४ |
| १३. | घामलाई | ५६ |
| १४. | माछापुच्छ्रे | ६० |
| १५. | पूर्णिमाको जुन जस्तै | ७३ |

**(क) प्रत्येक बिहानीका प्रहरहरूमा**

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र 'प्रत्येक बिहानीका प्रहरहरूमा' नामक कविता रहेको छ । जस्तै :

तिमीहरूले घामलाई
समुद्रको पानी छ्यापेर
सेलाउन खोज्यौ
सेलाउन सकेनौ
चन्द्रमालाई–
राँको बालेर तताउन खोज्यौ
तताउन सकेनौ
ताराहरूलाई–
घुएत्रो हानेर खसाल्न खोज्यौ
खसाल्न सकेनौ
अँध्यारो कोठामा
थुप्रै-थुप्रै भालेहरूलाई
डोकोले छोप्न त छोप्यौ
तर
प्रत्येक विहानीका प्रहरहरूमा
भालेका डाँकोहरू छोप्न सकेनौ
(प्रहर, प्रत्येक बिहानीका प्रहरहरूमा)

यस कवितामा घामलाई समुद्रको पानी छ्यापेर खेलाउन खोजेका छौ तर सेलाउन नसक्ने कुरा व्यक्त गरिएको छ । घाम चन्द्रमालाई आगो बालेर कुनै पनि ढङ्गले तताउन खोज्नु भनेको मूर्खता पूर्ण हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् । अटल

रूपमा रहेको तारालाई झटारो हानेर कुनै पनि तरिकाले तल झार्न सकिदैन । कुखुराहरूलाई डोकोले छोप्न खोजेर सम्भव नहुने त्यसले आफ्नो समयमा परिवर्तनकारी कार्य गर्दछ भन्ने कुरा प्रस्ट हुन्छ ।

**(ख) चुनौती त तिमीलाई**

साहित्यकार पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रहभित्र 'चुनौती त तिमीलाई' नामक कविता रहेको छ । जस्तै :

हाम्रो मस्त निद्रामा
हजारौं पटक झोक्काहरू आएछन्
झोक्काहरूले धक्का दिँदै गएछन्
रात पनि भएछ
दिन पनि भएछ
धेरैपटक
बज्र पनि
पर्नुसम्म परेछ
(प्रहर, चुनौती त तिमीलाई)

यस कवितामा समाजको अहितरूपी शासक वर्गले अन्याय गरेका कारण सिधा सोझा जनताहरू मारमा परेका छन् । भिन्न-भिन्न समयमा देशमा भएको परिवर्तनले हावाहुरी, बज्रहरू रूपी व्यवस्थाले वर्गीयमुक्तिका निम्ति काम नगराएका, हेपिएर, पिल्सिएर बाँच्नु पर्ने बाध्यताहरूको प्रसङ्ग ल्याइएको छ ।

**(ग) आकाश हेर्दै**

साहित्यकार पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र आकाश हेर्दै नामक कविता प्रकृति परक ढङ्गले लेखिएको छ । जस्तै :

मर्मान्त भएर पनि
अनुरोध-आदेशमा
डुङ्गा चलाइदिनुपर्छ फेवाले
आकाश पाउन नसके पनि
थामेझैं गरिदिनुपर्छ
माछापुच्छ्रेले
र त
पर्यटकहरूको आगमनमा
रातभरिको थाती निद्रालाई
एक पल्ट कोल्टे फेरी
सब्ल्याँटो पारेर

पुलुक्क–
माछापुच्छ्रे माथिको आकाश हेर्दै
विब्ल्याँटो पनि
बनिदिनुपर्छ
पोखराले !

(प्रहर, आकाश हेर्दै)

यसरी यस कवितामा मानवलाई प्रकृतीकरण गरेर व्याख्या गरिएको छ । अन्यायलाई सहन गरेर पनि सामन्तीहरूको सेवामा समर्पित हुनु पर्ने रहेको देखिन्छ । क्षमता र दक्षता नभए पनि काम गर्नु पर्ने र राम्रो नराम्रो गतिविधिलाई पनि प्रत्यक्ष रूपमा अवलोकन नगरी शक्तिको खेल खेलिरहेको छ । बिहान बेलुका खाइ नखाई पनि अरूको काम गर्नु पर्ने र न दिनमा भोक, न रातमा निद्रा पनि नभनी अहोरात्र खटिनु पर्ने भए पनि शान्तिको स्वास फेर्न नपाई कुन्ठित भएर रहनु परेको कुरालाई प्रस्ट पारिएको छ ।

### (ग) फगत बगरे ढुङ्गा

साहित्यकार डम्बर पहाडीद्वारा रचना गरिएको **प्रहर** नामक कविता सङ्ग्रह भित्र 'फगत बगरे ढुङ्गा' कविता प्रकृति परक रूपमा लेखिएको छ । जस्तै :

आदिम युगदेखि त्यो बगरे ढुङ्गो
अझ
धर्ना कसी बसिरहेछ
क्षण-प्रति क्षण
उसका आयतन
नदीका धारिला रेत्याइले
रेत्याउँदै-रेत्याउँदै लगिरहेछ
पत्पती धुवाँ उडाउँदै
उलिएर आएको भदौरे भेलले
क्रमशः
हुत्याउँदै-हुत्याउँदै लगिरहेछ
अनि-
एकपल्ट बाँच्ने जमर्को गर्दागर्दै
भीषण पहिरोले उसको छातीमा
अनायास थिति दिन्छ ।
विवश
उ टुट्दै-फुट्दै
एक दिन विलीन भै दिन्छ
फगत-
बगरे ढुङ्गो ।

(प्रहर, फगत बगरे ढुङ्गो)

यस कवितामा प्राचीन कालदेखि नदीका किनारमा रहेको ढुङ्गोले धर्ना कसेर बसिरहेको छ । यहाँ मानवलाई पत्थरसँग तुलना गरेर प्रस्तुत गरिएको छ । यसमा प्रकृतिपरक कविता भए पनि वर्गीय उत्पिडनका कुरा रहेका छन् । पिडामा बाँच्नु पर्ने र हेपाइमा काम गर्नु पर्ने बाधयता रहेको छ ।

### (घ) बन्दकी पो...

पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र 'बन्दकी पो...' नामक प्रकृतिपरक कविता रहेको छ । जस्तै :

शिशिरको शीतहरूमा
खोजे तिमीलाई
कतै
शीतहरूसँगै विलाई दियौ कि
वसन्तका बागहरूमा खोजे तिमीलाई
कतै
ओइलिएर पो झरी दियौ कि
गृष्मकालीन तातो बालुवामा
हिड्दा-हिड्दै कतै
खडेरी परी मुर्झाई दियौ कि
तिमी कतै...
भदौरे भेलसँग बग्दै बग्दै
सुनसान यो अँगाली दियौ कि

(प्रहर, बन्दकी पो...)

यस कवितामा कविले प्रकृतिमा भएका छओटा ऋतु, पूर्णिमा, औँसी, दिन, रात आदिलाई आधारित बनाइएको छ । यहाँ नारीले लगाउने अटल सौभाग्यका शृङ्गारहरू लाउँदा लाउँदै लाउन नपाएको पिडा रहेका छन् । वसन्त, गृष्म, वर्षा, शरद, हेमन्त र शिशिर जस्ता ऋतुहरूको वर्णन गरिएको छ । ऋतुराज वसन्तमा फुलहरू फुलेर पृथ्वीलाई दुलही झैं सिगारिएको देखिन्छ । गृष्म कालीन समयमा प्रकृति पुरै तापमय भएर हाहाकार भएको देखिन्छ । यस्तै अन्य ऋतुहरूमा वर्षा हुने चाडवाडले छुने गर्दछ । हेमन्तमा जाडो बढ्ने र शिशिरले पृथ्वीलाई नाङ्गो पारेको हुन्छ । त्यस्तै तरिकाले समाजका निम्न वर्गका मानिसलाई पिडा दिएर उनीहरूको स्वतन्त्रता माथि हनन् गरिरहेका छन् भन्ने भाव प्रस्ट हुन्छ ।

### (ङ) हाय कान्तिपुरी नगरी

साहित्यकार पहाडीद्वारा रचना गरिएको **प्रहर** कविता सङ्ग्रह भित्र रहेको 'हाय कान्तिपुरी नगरी' नामक कविता रहेको छ । जसमा :

आडम्बरको खोक्रो आदर्श बोकेर
कान्तिपुरी नगरी
लमतन्न काला सडहरूमा
तरुणी झैं
ओंठमा कृतिम मुस्कान भरेर
पाहुना लोभ्याउन
लाज पचाइसकेकी छे
र ऊ–
निर्लज्जता साथ
आँखाको प्रत्येक इशारामा
परेली झिम्क्याउँदै
निमन्त्रणा पनि गर्छे
वेलकम टु यू भनेर

(प्रहर, हाय कान्तिपुरी नगरी)

यस कवितामा प्रकृति विषयवस्तुलाई आधार बनाएर लेखिएको छ । प्रकृति भित्र पनि प्रणय बन्धन पनि उजगार भएको छ । यसमा प्रकृतिलाई मानवीकरण गरिएको छ । कान्तिपुर नगरको काला सडकमा रहेकी भरखरकी तरुणीले ओठमा कृतिम मुस्कानसँगै पाहुनालाई लोभ्याउनका लागि लाज पचाएर आँखाको प्रत्येक इशारामा परेली झिम्क्याएर निमन्त्रणा गरेकी हुन्छे भन्ने प्रसङ्ग दिइएको छ । प्रत्येक रातहरूमा बिजुलीको स्विच अफ गरेर पहिलेकै जस्तो तरिकाले शारीरिक क्रिडा गर्न उन्माद रहेको देखिन्छ । प्राण घातक रोगको शिकार भएर मेरो प्रियतम् भनी सारा रात रात बिताउन कान्तिपुर नकचरी भएर, पातकी, वेश्या भएर मस्त सुतिरहेकी हुन्छे । पानीको प्यासमा छटपटाएर मरुभूमिको काकाकुल जस्तै भएर कान्तिपुर बाँची रहेकी छे भन्ने भाव प्रस्ट हुन्छ ।

यसरी प्रकृति विषयवस्तुमा रहेर अरू कविताहरू पनि लेखिएको छ । जसमा यस प्रकार रहेका छन् : 'मौनताको कोक्रोबाट', 'हुनु के थियो खै...', 'वादलले छोपेको बस्ती', 'नेपालीको अस्तित्व र गौरव', 'शुप्रभातलाई', 'खै इलाम कस्तो छ', 'घामलाई', माछापुच्छ्रे', 'पूर्णिमाको जुन जस्तै' आदि रहेका छन् ।

**मौनताको कोक्रोबाट**

यसमा प्रकृति भित्र पनि सामाजिक उत्पिडनहरू रहेका छन् । आफ्नो मुक्तिका लागि प्रकृतिमा भएका आकाश, जून, घाम आदिलाई साथ लिएर फलामे बुट जुत्ताले घ्याप घ्याप बजार्दै सामन्तीलाई हाँक दिँदै हिड्ने मौन विचार अभिव्यक्त गरिएको छ । जसमा निम्न वर्गका जनताहरूले आफ्नो अस्तित्वको खोजी गर्नका लागि राज्यका पहुँचवालाहरूसँग र शासक वर्गसँग सिगौरी खेलेर भए पनि आफ्नो स्वतन्त्रताको हक लिएर छाड्ने आक्रोश व्यक्त गरिएको छ ।

**हुनु के थियो खै...**

यस कवितामा कविले प्रकृति विषयवस्तुलाई आधार बनाएर लेखेका छन् । मौनता र विभोर भएर आफ्नो जीवन निर्वाह गरिरहेका मानव मन मस्तिकहरूमा मुक्तिका लागि जुर्मुराउन लागेका छन् । चन्द्रमालाई उपमा बनाएर प्रजातन्त्रको सुरुवात हुन लागेको भए पनि राजनीतिक खिचातानी गर्ने शासक वर्गहरूको सामन्ती व्यवहारले उठ्न नसकेका निमुखा जनताहरूमा पनि दलितको कुनै अस्तित्व नरहेको प्रसङ्ग छ ।

**बादलले छोपेको बस्ती**

यस कवितामा कविले प्रकृतिलाई उपमा दिएर सामन्ती शासनको अन्त्य गर्नका लागि सबै एकजुट भएर अघि बढ्ने प्रेरणा प्रदान गरिएको छ । बाँधरूपी अन्यायलाई परास्त गरी न्यायको प्रकाशमा अग्रसर हुनका लागि आह्वान गरिएको छ । जस्तो सुकै अवस्थामा पनि त्यस्ता शासक वर्गलाई सत्ताच्युत गर्नु पर्छ र आफ्नो अधिकार प्राप्त गर्नु पर्छ भन्नका लागि यो विषय आएको हो । वलिदान दिएर होस् या जस्तो सुकै अप्ठ्यारोको सामना गरेर भए पनि आफ्नो अधिकार पाउन यो प्रयास गरिएको छ ।

**नेपालीको अस्तित्व र गौरब**

यसमा नेपालको प्राकृतिक सम्पदालाई प्रतिविम्बित गर्न खोजिएको छ । यहाँको हरियो वनलाई द्वन्द्व ग्रस्त बनाएर उजाड बनाउन खोजिएको छ । धार्मिक स्थलहरू, मन्दिर, कला, मूर्ति, परम्परा, भाषा, भेष आदि पलाएन भइरहेको देखिन्छ । नेपालीहरूको सान, इज्जत, प्रतिष्ठालाई मुग्लानियाहरूले लुटेर लगिरहेका छन् । अब एउटा सगरमाथा पनि विदेशी भूमिमा सजिने होकी भनी डर मानिरहेको देखिन्छ ।

**शु–प्रभातलाई**

यस कवितामा बिहानीको सूर्योदय हुने ठाउँमा अन्धकार रातले विजारोपण गरेर कब्जा जमाएको देखिन्छ । अब प्रत्येक बिहानीलाई अन्धकारले ढाकेको छ भन्ने प्रसङ्ग आएको छ ।

**खै इलाम कस्तो छ**

यस कवितामा नेपालको पूर्वी सिमानामा रहेको मनमोहक स्थान इलाम दिन प्रतिदिन महंगीको चपेटामा परेको कुरा व्यक्त गरिएको छ । यो ठाउँका नेता, हाकिम आदि ठुला तह तप्कामा रहे तापनि गरीबप्रति हेर्ने नजर खराब रहेको छ । नगदमा सबै थोक हुने तर गरीब, असहाय आदिको कहिल्यै पनि दिन नखुलेको कुरा व्यक्त गरिएको छ । गाउँ गाउँ, बस्ती बस्तीमा टेलिफोन जोडे तापनि त्यसको कुनै स्वरूप नभएको देखिन्छ । कमेज सुरुवालमा टाइ र चस्मा लगाएर इनसानले बसेको व्यङ्ग्यात्मक ढङ्गले प्रस्ट पारिएको छ ।

**घामलाई**

यस कवितामा घामलाई उपमा दिएर शान्तिको श्वास फेर्न पनि असहज भएको निम्न वर्गीय समाजको चित्रण गरिएको छ । एक न एक दिन शान्ति आउँछ तर यसमा धैर्यता भने छोड्नु हुँदैन भन्ने हौसला प्रदान गरिएको छ ।

**माछापुच्छ्रे**

यस कवितामा बिहानको मिर्मिरे समयमा मुस्कुराइ रहेको हिमाल अन्माउन लागेकी दुलही झैं कता कता लजाएकी छे भन्ने प्रसङ्ग दिइएको छ । यसमा प्रकृतिको धरोहर मानिने फेवातालको कुहिरोले माछापुच्छ्रेको सौन्दर्यतालाई छोप्ने गरेको छ । आकाशसँग जिस्किएर कहिले काहिँ बादलमै माछापुच्छ्रे हराउने गर्दछ । अनि कहिले लुकामारी गर्दै फेवाको अँगालोमा रमाउने गर्दछ ।

**लौ धावा बोल्देउन**

यस कवितामा प्रकृति भित्र रमाइला सामाजिकता पनि रहेको छ । हाम्रो वनपाखामा पाइने ऐंसेलु घारीमा सुसेली हालेर जुहारी खेल्दै आफ्नो अधिकारको खोजी गर्दै धावा बोल्ने चेलीहरूले विजयको गीत गाउँदै अघि बढिरहेका छन् ।

सोयाङको झरना भएको त्यस गाउँ घर, वनपाखा, जताततै गरीबहरू प्रतिको अन्यायको विद्रोह होमिएका छन् । युद्ध मैदानमा उत्रनका लागि लालुपाते, गुराँसको थुङ्गा बोकेर विजयको टीका लगाएर फर्कने विश्वास व्यक्त गरेका छन् । प्रकृति भित्र रहेको राजनीतिक असन्तुलनलाई सन्तुलनमा परिणत गर्न जुर्मुराएका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

**पूर्णिमाको जुन जस्तै**

यस कवितामा प्रकृतिलाई मूल रूपमा लिएका छन् । पूर्णिमाको रातमा जसरी जुनले शितलता दिन्छ त्यसरी नै जनताका माझमा खुशीका पलहरू आउँदैछन् भन्ने कुरा उल्लेख गरिएको छ । घाम जस्तै न्यानो भएर आकाश जस्तो विशाल बन्दै अन्याय, जुझारु भएर लाग्ने कुरा उल्लेख गरिएको छ । आकाशका ताराहरूझैं अटल र चमक भएर जीवनमा हार नखाइ आफ्नो लक्ष्यमा पुग्ने कुरा उल्लेख रहेको छ । अन्यायका पर्खालहरू भत्काउँदै, अत्याचारका साङ्लाहरू चुँडाउँदै अगाडि बढ्ने र आफ्नो लक्ष्यमा पुग्ने अठोट गरेका छन् । शहीदहरूको रगतमा विश्वास रोपेर सृजनाका कोपिलामा मुक्ति फूलाउन अग्रसर भइरहेका छन् । जीवनभर जति पनि अप्ठ्यारा दिनहरूलाई सामना गर्दै आफ्नो अधिकार र मुक्तिको चाहना गरेका छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

**निष्कर्ष**

यसरी साहित्यकार डम्बर पहाडीले **प्रहर** कविता सङ्ग्रह भित्र प्राकृतिक विषयलाई आधार बनाएर पनि लेखेका छन् । यसमा प्रकृतिमा भएका वन, जङ्गल, पहाड, आकाश, घाम, जुन, तारा आदिलाई प्रमुख बनाएर अन्याय, अत्याचार, दमन, शोषण आदि कुराहरूबाट मुक्ति पाउन प्रयत्नशील रहेका वर्गीय उत्पिडनको चरम सीमामा रहेका दलित, असहाय, निमुखा र जनताहरूले मुक्तिको बाटो खोजिरहेका छन् भन्ने कुरा प्रस्ट हुन्छ ।

### ४.२.२ भाव/विचार

साहित्यकार डम्बर पहाडीद्वारा रचना गरिएको **प्रहर** कविता सङ्ग्रह भित्र रहेका ५८ (अन्ठाउन्न) ओटा कविता लेखेका छन् । यसमा प्रणय भाव पनि उल्लेख भएको छ । जुन यस प्रकार रहेका छन् । जस्तै :

'त्रिशुल डामेर', 'बैंसको ऐस', 'प्रियालाई भनेर', 'हाय कान्तिपुरी नगरी' लगायत अन्य कविताहरू रहेका छन् । यसमा जनताले भोग्नु पर्ने अन्याय, अत्याचार, दमन, उत्पिडन, प्रेम, घृणा, भ्रष्टाचार आदिमा रुमलिएर निश्सासिन बाधय भएका जनताहरू आफ्नो अधिकारको लागि र मुक्तिका लागि प्रयन्तशील रहेका छन् । निम्न वर्गका निमुखा जनतालाई सामन्ती शासन व्यवस्थाले गाँजेर उम्किन नदिरहेको अवस्थामा क्रान्तिकारी भावधाराले अगाडि बढ्न उजागर गरिरहेको अवस्थाको चित्रण गरिरहेको छ । मानव भएर मानवलाई मानवको व्यवहार नगरेर पशुवत व्यवहार गरेको पाइन्छ । वर्गीय सङ्घर्षबाट सामाजिक उत्पिडनलाई मुक्ति दिनका लागि यो कविताको भाव प्रस्ट हुन्छ । यसमा सामाजिक, ऐतिहासिक, राजनैतिक, सांस्कृतिक, प्रेम, गरिबी, आर्थिक अवस्थाको अभाव आदिलाई यस कविता सङ्ग्रह भित्र उल्लेख गरिएको छ । यस कृतिमा रहेका कविताहरूले मानव मन मस्तिष्कलाई उजागर गरेर अन्यायको विरुद्धमा लडेर आफ्नो अधिकार सुनिश्चित गर्न उत्साहित गरिएको भाव व्यक्त गरिएको छ । देशका महत्त्वपूर्ण हस्तीहरूलाई छुवाछुतको घेरा बन्दीमा राखेर कुण्ठित पार्ने र वर्ग सङ्घर्षमा लागेका ती वीरहरूलाई सत्य काममा पनि जेल सजाय, घृणित व्यवहार, सामन्ती प्रवृत्ति जस्ता कुराले गर्दा त्यसको विरुद्धमा आफ्नो अधिकार खोज्ने र स्वतन्त्र ढङ्गले बाँच्न पाउनु पर्छ भन्ने भाव उल्लेख गरिएको छ ।

यस कविता सङ्ग्रह भित्र प्रकृतिमा रहेका आकाश, जुन, तारा, वन, पाखा, खोला, पर्वत आदिलाई उपमा दिएर आफ्नो मुक्तिका खातिर अग्रसर भएको भाव व्यक्त गरिएको छ । सामाजिक भित्र समाजमा रहेको विद्यमान नकारात्मक विचारलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेको भाव प्रस्ट हुन्छ । दलित वर्गप्रतिको अवहेलनालाई सहजताका साथ स-सम्मान व्यवहार गर्नु पर्छ भन्ने विचार व्यक्त गरेका छन् । सांस्कृतिक विषयमा रहेर साहित्यकारले हाम्रो नेपालीहरूको कला संस्कृति, परम्परा, रीतिरिवाज, संस्कार आदिलाई बिर्सनु हुँदैन, पुर्खाहरूले गरिआएका कुराहरूलाई नविर्सिकने सहर्ष स्वीकार गरी आफ्नो संस्कृति जोगाउनु पर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

ऐतिहासिक विषयमा आधारित रहेर साहित्यकारले देशका वीरु योद्धाहरूको अथक प्रयास र वीरतापूर्ण कार्यले गर्दा आज यो मुलुक भौगोलिक रूपमा सानो भए

तापनि सांस्कृतिक, ऐतिहासिक रूपले एकदम बलियो छ भन्ने भाव प्रस्ट हुन्छ । दलित भनेर हेला गर्ने तात्कालीन समाजलाई जरैदेखि उखेल्नु पर्छ र सम्मानजनक व्यवहार गर्नु पर्छ एक आपसमा भाइचाराको हिसाबले एक आपसमा मिलनसार व्यवहार गर्नु पर्छ अनि मात्र सामन्ती सत्तालाई जित्न सकिन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

वर्ग सङ्घर्षमा उत्रिएर आफ्नो र समग्र देशले मुक्ति पाउन समय समयमा आन्दोलन, बन्दी, धरपकड, सभा सम्मेलन भएर देशलाई दीर्घकालिक ढङ्गले शक्ति स्थापना हुन सकोस् भन्ने भाव व्यक्त गरेका छन् । प्रकृति, समुदाय, सांस्कृतिक, ऐतिहासिक जुन तरिकाले भए पनि कसैलाई दुःख दिएर, अत्याचार एवं भ्रष्टाचारी भएर कहिल्यै पनि असल बन्न सकिदैन बरु "बशु दैव कुटुम्बकम्" भन्ने भावले अघि बढ्न सकिन्छ । त्यसैले अन्यायले खराब व्यवहार र न्यायले समग्र विकासमा टेवा पुऱ्याउन सक्छ भन्ने भाव प्रस्ट हुन्छ ।

### ४.२.३ भाषाशैली

साहित्यकार डम्बर पहाडीद्वारा लिखित **प्रहर** कविता सङ्ग्रह भित्र रहेका अन्ठाउन्न ओटा कविताहरूमध्ये धेरै कविताहरूको भाषाशैली सरल, सहज किसिमको रहेका छन् भने कुनै कुनै कवितामा दुर्बोध्य किसिमका रहेका भेटिन्छन् । यी कविताहरू राजनीतिक परिवेशलाई आधार बनाएर लेखिएका भए पनि सामाजिक, सांस्कृतिक, ऐतिहासिकता एवं परिणय भावलाई धेरै ठाउँमा समावेश गरिएका हुनाले भाषामा मिश्रित शैली रहेको छ । यसमा संस्कृत तत्सम शबद, तत्भव शब्द, झर्रा नेपाली शब्द, आगन्तुक शब्दहरूको सन्तुलन प्रयोग भएको पाइन्छ । भाषाशैलीको माध्यमबाट साहित्यकारले सामाजिक, राजनीतिक आदिलाई वर्णन गरेर पाठक वर्गहरूलाई आफ्नै आँखाले देखेको जस्तो अनुभव सृजना गरेका छन् । यसले गर्दा कृतिले जीवन्तता प्राप्त गरेको छ । जे होस् प्रगतिशील भाषामा रहेको भाषाशैली यस कृतिमा प्रयुक्त छ र यही भाषाशैलीगत अभिष्टताकै कारणले प्रस्तुत कृति आकर्षक एवं रोचक बन्न पुगेको छ ।

**प्रहर** प्रस्तुत कविता सङ्ग्रहको भाषाशैली सरल र सहज छ । धेरै ठाउँमा वर्णनात्मक शैली भए पनि ठाउँ ठाउँमा सामाजिक चेतना शैली अपनाइएको छ ।

कतिपय स्थानमा बीच बीचमा कवितालाई संवादात्मक ढङ्गले प्रस्तुत गरिएको छ। यसमा परिमार्जित भाषाशैलीको प्रस्तुति पनि पाइन्छ । नेपाली जनताको दलित वर्गप्रति वर्गीय शोषण, उत्पिडनका घटना क्रमलाई सौहार्दताका साथ प्रस्तुत गरिएको कारण भाषाशैली प्रगतिवादी किसिमको रहेको छ । क्रान्तिको ज्वारभाटालाई सहज तरिकाले आफ्नो छातिमा पर्दा पनि खुशीका साथ मनन गर्न सक्ने खुबी रहेको पाइन्छ।

क्रान्तिकारी भाषाशैलीमा लेखिएको हुनाले यो कविता सङ्ग्रह वीर योद्धाहरूका लागि र क्रान्तिमा होमिएकाहरूको मनोवल उच्च राख्नका लागि यसको शैलीमा मिठासता रहेको छ।

इतिहासको पाना लेखिएको वीर सपुतप्रतिको योगदानलाई अनुकरणात्मक ढङ्गले प्रस्तुत गर्न खोजिएको छ। वर्ग सङ्गघर्षमा लागि परेर उत्पिडन, अन्याय, अत्याचार, दमनकारी सोचलाई पन्छाउनका लागि भाषाशैलीले महत्त्वपूर्ण योगदान प्रदान गरेको छ। निम्न वर्गीय समाजलाई सत्ता प्रदान गर्न यसले सकारात्मक शैली प्रदान गरेको छ।

### ४.२.४ लय

साहित्यकार डम्बर पहाडीद्वारा रचना गरिएको **प्रहर** कविता सङ्ग्रह भित्र रहेका ५८ कविताहरूमा मुक्त छन्दको प्रयोग गरिएको पाइन्छ । यस कविता सङ्ग्रहमा नेपाली झ्याउरे लोकलयको बढी प्रयोग गरिएको पाइन्छ। साहित्यकारले एकातर्फ नेपाली भाषाकै लेख्य मानक रूप अनुसारकै शब्दावलीको प्रयोग गरेका छन् भने अर्कातर्फ लय मिलाउनका लागि तिनको उच्चारणमा कतै झर्रा नेपाली भाषा त कतै लेख्य भाषा अनुरूप गर्नु पर्ने स्थिति देखिएको छ। यस सङ्ग्रह भित्र अन्यानुप्रास वाक्यको आवृत्ति, ध्वनिको आवृत्ति एवं शब्द आवृत्ति अत्याधिक रूपमा भेटिएको देखिन्छ। जस्तै :

क्रान्तिकारी योद्धाहरू
युद्धभूमि गए
छाती थापी गोली पिउँदै
अमर शहीद भए
फासिष्टका बन्दुकहरू
कुकुर जस्तै भुके

हतया गर्ने तानाशाह
जनता सामु झुके
शहीदको रगतमा
क्रान्ति फूल फुल्यो
लेकबेंसी, तराई फाँट
जतातते झुल्यो
शहीदलाई क्रान्तिकारी सलामी
अब हाम्रो सुदिन आउला की ।
(प्रहर, शहीदको रगतमा, पृ. ५७)

मुक्त लयमा आधारित रहेर लेखिएको कविता :

सङ्घर्षमा
मारिन्छ
कि–
बाँचिन्छ
दु:ख मान्नु हुन्न
भर्खरै–
पूर्वबाट
सुनौलो घाम
झुल्कँदैछ
त्यसलाई
कालो बादलले
छोप्न दिनु हुन्न ।
(प्रहर, घामलाई, पृ. ५६)

ध्वनिको आवृत्ति र वाक्यको आवृत्ति प्रयोग भएको कविता :

आखिर जिन्दगी
एकनाल बन्दुकको
एउटा गोली नै त हो
जति बेला पनि
पड्की दिन सक्छ
आखिरी जिन्दगी
एक त्यान्द्रो धागोको
एउटा सुर्को नै त हो
तममा जनमुक्तिको दौरानमा
फासिष्टको पञ्जामा पर्दा
फाँसीमा सुर्की दिन पनि सक्छु
(प्रहर, आखिरी जिन्दगी, पृ. १)

**प्रहर** कविता सङ्ग्रह भित्र मुक्त छन्दको प्रयोग, अन्त्यानुप्रास, वाक्य आवृत्ति, ध्वनि आवृत्ति, प्रेम, वर्गीय उत्पिडन, सामन्ती सत्ताको निरङ्कुश शासनको चपेटामा

परेको प्रसङ्ग राजनैतिक अवस्था र अस्थिरता ग्रामीण, परिवेशको चित्रण, ऐतिहासिक, सामाजिक, सांस्कृतिक एवं प्रणय परिवेशको चित्रण, दासता र सामाजिक विकृति जस्ता पक्षहरूलाई सरल किसिमले प्रस्तुत गर्न साहित्यकार सफल भएका छन् ।

## ४.३ नझुकेको स्वाभिमान नाटकको विश्लेषण

नेपालको द्वन्द्व कालीन समयको घटनालाई विषय बनाएर लेखिएको **नझुकेको स्वाभिमान** नाटक डम्बर पहाडीको उत्कृष्ट रचना हो । यसबाट पहाडीले देश र जनताका लागि आफ्नो स्वाभिमान गुमाउन नहुने तर्क राख्दै राष्ट्र र राष्ट्रियताप्रतिको प्रेम व्यक्त गरिएको छ । **नझुकेको स्वाभिमान** नाटकलाई तत्व केन्द्रित भएर निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

### ४.३.१ विषयवस्तु

**नझुकेको स्वाभिमान** सामाजिक विषयवस्तुमा आधारित नाट्य रचना हो । यस प्रयुक्त कथानकको उठान क्रुर सरकारको विरुद्धमा सुरु भई अन्त्य पनि विद्रोहमा नै गरिएको छ । विशेष गरेर सशस्त्र माओवादी आन्दोलनका क्रममा सत्ता पक्ष र विद्रोही पक्ष बिचमा भएको द्वन्द्वको घटनाले समाजमा सृजना गराएको आतङ्क, पीडा, पश्चाताप पूर्ण जीवन भोग गर्नेहरूको दुर्घटित अवस्था राष्ट्र र राष्ट्रियताप्रतिको समर्पण र त्याग प्रस्तुत नाटकको कथानक हो ।

उक्त कथावस्तुलाई हेर्दा देश र जनताका लागि लड्नेहरूले आफ्नो स्वाभिमान कहिले पनि गुमाउन नमिल्ने कुरा प्रस्तुत गरिएको छ । देश र जनताको मुक्तिका लागि गरिएका स्वतन्त्रताका आन्दोलन कुनै वर्गले लुकाउन र छिपाउन खोजेर त्यो क्षणिक मात्र हुने र मुक्तिको लागि लड्नेहरूले यातना र पीडालाई मानवीय मुक्ति मूल ठान्ने कुरा अभिव्यक्त भएको छ । कथामा प्रयोग गरिएको प्रमुख पात्र नरेशका माध्यमबाट वीरता, बहादुरी, इमान्दारिता, स्वाभिमानता जस्ता कुराहरू चित्रित भएका छन् ।

वस्तुतः **नझुकेको स्वाभिमान** नाटकमा प्रयुक्त भएका द्वन्द्व कालीन समयका सामाजिक घटनाहरूले समाज आक्रान्त भएको र वर्गीय रूपले मान्छेहरू बल र सत्ताको आडमा आफुलाई अड्याइ रहने प्रवृत्ति अभिव्यक्त भएको छ । सत्ता पक्षबाट र विद्रोही पक्षबाट मुक्तिको लागि लड्नेहरूको स्वाभिमान कसरी बचाउने भन्ने

विषयलाई प्रभावकारी रूपमा उठान र वैठान गरिएको छ । देश र जनताको मुक्तिको लागि लड्नेहरूले जस्तो सुकै यातना दिए पनि आफ्नो स्वाभिमान, इज्जत र गोपनीयता तोड्न नहुने र त्यही अभिष्ट पक्षले क्रान्तिको जति बन्ने कुरालाई नरेश पात्रको अभिव्यक्तिबाट बुझाइएको छ । स्वतन्त्रतालाई दबाउन प्रशासन, पुलिस, नेता जो लागे पनि स्वतन्त्रता र मुक्तिले कुनै दिन आफ्नो आयतन सुरक्षित गर्छ भन्ने कुरालाई जोड्दार प्रस्तुत गरिएको छ । आफू झ्यालखानामा रहँदा र आफू फुत्किएर बाहिर आउने अवस्था नहुँदा पनि आफ्ना सन्तान, स्वास्नी र बाबुलाई राष्ट्रप्रेम र स्वतन्त्रताको गीत सुनाइ चित्त बुझाएको छ । देश र जनताको लागि आफ्नो सन्तानलाई क्रान्तिकारी बनाउने सल्लाह दिँदै जीवनलाई क्रान्ति र सङ्घर्षको उपज मानेका छन् । लेखकले नरेशका माध्यमबाट गोलीलाई जीवन दृष्टि दिन खोजिएको छ । जस्तो सुकै कठिन खालको यातना दिए पनि देश, जनता, राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, इमान्दारिता र मुक्तिका लागि कहिल्यै आफ्नो स्वाभिमान नबुझाएको बरु ज्यानलाई वलि दिएको सन्दर्भबाट मानवीय त्यागको महानतालाई उदाङ्गो रूपमा चित्रण गरिएको छ ।

नेपालको कम्युनिष्ट आन्दोलनको अवस्थालाई इंकित गर्दै कम्युनिष्ट भनेका मजदुर, विद्यार्थी, किसान तथा कमजोर वर्गको प्रतिनिधित्व गर्ने पार्टी हो भन्ने कुरालाई अभिव्यक्त गरिएको छ । नेपालको द्वन्द्व कालीन समयमा भएका क्रुर मानवीय अपराध र विकृति, विसङ्गतिको घटनाहरूलाई शृङ्खलाबद्ध प्रस्तुत गरिएको छ ।

यसरी **नझुकेको स्वाभिमान** नाटकमा द्वन्द्व कालीन सामाजिक जीवनको अवस्था र त्यस भोगाइमा देखिएका विकृति र विसङ्गतिजन्य कुराहरूलाई यथार्थपरक रूपमा उजागर गरिएको छ ।

### ४.३.२ चरित्र चित्रण

यस **नझुकेको स्वाभिमान** नाटकमा विभिन्न पात्रहरूको चरित्र चित्रण उल्लेख गरिएको छ । यहाँ पात्रहरू निम्नानुसार रहेका छन् : नरेश (भूमिगत पार्टी कार्यकर्ता), उमा (नरेशकी श्रीमती), अजित (नरेशको छोरो), बुवा (नरेशको बुवा), इन्स्पेक्टर, अ.स.ई., हवल्दार, प्रहरी जवानहरू, जेल गार्ड, पार्टी कार्यकर्ताहरू (मानबहादुर, श्रीमती, जीवन अधिकारी, हर्के राई, बले दमाई, तीर्थे कामी, अम्बर, छत्र सिंह, नेत्रलाल), प्रधानपञ्च, राधिका, रमा, विजय (मानबहादुरको छोरो) ।

### (क) नरेश

**नभुकेको स्वाभिमान** नाटकको प्रमुख पात्र नरेश हो । जो कथानकको भूमिकामा भूमिगत पार्टी कार्यकर्ता रहेर नाटकको सुरुदेखि अन्त्यसम्म नै देखिन्छ । देश र जनताको लागि आफ्नो स्वाभिमान बेच्नु हुँदैन भन्ने पात्र हो । नाटककी पात्र उमाको श्रीमान् र अजितको बाबु नरेश हो । मान्छे मर्नलाई जन्मेको हो भने देश र जनताको भलोका लागि माया प्रेम गोपनीयता र स्वाभिमान सधै पूरा गर्नु पर्दछ भन्ने सोच नरेशमा पाइन्छ । नरेश जीवन र समाजलाई नजिकबाट चिनाउन खोज्ने निडर व्यक्तित्व भएको पात्र हो । नाटकमा गरिएको अभिव्यक्तिबाट कम्युनिष्टको तर्फबाट वर्गीय मुक्तिको आन्दोलनको अगुवाइ गर्ने नरेश सरकारको विरुद्ध लागेर आफूलाई साहसी, निडर, असल, परिवर्तनशील पात्रका रूपमा चिनाएको छ । सरकाले पक्रेर विभिन्न खालको यातना दिएर वास्तविकताको उदाङ्गो पार्न खोजे पनि सिद्धान्त र स्वाभिमानमा अडेर ज्यान सुम्पिएको छ ।

यसरी नाटककार पहाडीले नरेशका चरित्रबाट मानवीय जीवनलाई सार्थक बनाउन देश र जनतालाई मुक्ति दिने कसैले पनि ज्यानको प्रवाह नगरोस्, फासिष्टको विरुद्धमा लाग्दा व्यक्तिवादी सोच र स्वार्थबाट उठेर सामूहिक स्वार्थ र स्वाभिनका लागि लडोस् भन्ने दृष्टतान्तलाई पस्किएका छन् ।

### (ख) उमा

नाटकको पाँचौं दृश्यमा मात्र देखाइएको नारी पात्र उमा नरेशकी श्रमिती हो भने यस नाटककी नायिका पनि हो । उमा आफ्नो श्रीमान् नरशेलाई उसका काममा सहयोग गर्ने भूमिकामा देखिने असल गृहणीका रूपमा चिनाउन सकिन्छ । दृश्यात्मक रूपमा थोरै भूमिका दिइए पनि नरेशलाई सहयोग गर्ने आफू लडेर आन्दोलन गर्न सुझाव दिएको छ र गाउँमा समातिएका मान्छे र उनीहरूलाई दिएको यातना सम्झेर डर र चिन्ता भरिएको स्वर अभिव्यक्त गरे पनि “प्वाँख भन्दा हलुको मृत्यु मर्नेहरू अस्तित्व हिन हुन्छन्” भन्ने भनाइबाट नरेशलाई सधै देश र जनताका पक्षमा लाग्नु पर्छ भन्ने सोच भएको पात्र हो ।

**(ग) इन्स्पेक्टर**

फासिष्ट सरकारको राशन भत्ता टिकाउन लागि पर्ने सरकारको प्रतिनिधि पात्रका रूपमा इन्स्पेक्टरलाई उभ्याइएको छ । आफ्नो डिउटी र जिम्मेवारीमा कटिबद्ध रहेको छ । सरकारको विपक्षमा काम गर्ने कसैलाई पनि नछाड्ने र गाउँ गाउँमा गएर संकास्पद मान्छेलाई पक्रि केरकार गर्दै क्रुर सजाए दिएर वास्तविकता खोज्ने इन्स्पेक्टर दोस्रो दृश्यदेखि अन्तिमसम्म नै प्रयोग भएको दृश्य पात्र हो । भूमिका र दृश्यका हिसावले इन्स्पेक्टर दोस्रो वा सहनायक पात्रका रूपमा पनि चिनाउन सकिन्छ । सरकारी प्रतिनिधि पात्र इन्स्पेक्टर मानवीयता नभएको कुटेर, पिटेर सत्ता टिकाइ राख्ने पात्र हो ।

यसरी **नझुकेको स्वाभिमान** नाटकको पहिलो दृश्यमा पार्टीका कार्यकर्ताहरूलाई संवादात्मक दृश्यमा देख्न सकिने गरी मानबहादुर, जीवन अधिकारी, हर्क राई, बले दमाई, तीर्थ कामी, अम्बर, छत्रसिंह, नेत्रलाल जस्ता पात्रहरूलाई प्रस्तुत गरिएको छ । त्यसै गरी महिला कार्यकर्ताका रूपमा राधिका र रमा पात्र कम्युनिष्ट आन्दोलनलाई सशक्त बनाउने अभिव्यक्ति सहित प्रस्तुत भएका छन् । यी उल्लेखित पात्रहरू समाजका विभिन्न वर्गको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्रहरू हुन् । जुन सरकारको विरुद्धमा आफूलाई गोलबन्द गर्दै सशक्त र बलियो शक्तिका रूपमा उभ्याउन सक्ने क्षमता राख्दछन् । उनीहरू विभिन्न कोणबाट समाजको विश्लेषण गर्दै वाम एकतालाई सुदृढ गराउन फरक फरक कित्ताबाट आफू क्रियाशील बन्ने अभिव्यक्ति उनीहरू दिन्छन् । दोस्रो दृश्यदेखि इन्स्पेक्टर, सिपाही, प्रधानपञ्चको संवादात्मक अभिव्यक्त दिएको छ । उनीहरू फासिस्ट सरकारको प्रतिनिधि पात्रहरू हुन् । वाम एकतालाई लथालिङ्ग बनाएर आफू नै सत्ता र शक्तिमा रहने खेलहरू खेल्न रणनीति बनाइ रहन्छन् ।

### ४.३.३ वातावरण/परिवेश

वि.सं. २०४८ साल चैत्रमा लेखिएको नाटक तत्कालीन अवस्थाको राजनीतिक परिदृश्य यस नाटकमा देख्न पाइन्छ । गाउँका किसान, मजदुरहरूको एकताको समूह कम्युनिष्टको आन्दोलित परिवेशको वर्णन गरिएको छ भने

तत्कालीन राजनीतिक परिवेश, पञ्चायती व्यवस्था र बहुदलवादी नीतिलाई दमन गर्ने फासिस्ट सरकारले गरेको व्यवहारलाई र सामाजिक घटना क्रमले सृजना गरेको परिवेशलाई चित्रण गरिएको छ । पारिवारिक र व्यक्तिवादी परिवेशबाट माथि उठेर मात्र समाजको विकास गर्न सकिने कुराको वर्णनले गाउँले परिवेशलाई देखाएको छ ।

### ४.३.४ संवाद

प्रस्तुत नाटकको संवाद पात्र अनुकूलको भाषा प्रयोग गरिएको छ । छोटा छोटा संवादात्मक अभिव्यक्तिदेखि लिएर नरशेले गरेको अभिव्यक्ति एक सय बयालिससम्मको देखिन्छ । पात्रहरूका हिसावले उल्लेखित संवाद मिठासयुक्त र बोधगम्य भएको पाइन्छ ।

### ४.३.५ उद्देश्य

नेपाली समाजमा देखिएको राजनीतिक विचलन र वर्गीय आन्दोलन, सत्ता पक्षले गर्ने भूमिका वर्गीय मुक्तिका लागि जनताले निभाउन पर्ने भूमिकाका बारेमा सचेत गराइएको अवस्था यस नाटकमा पाउन सकिन्छ । व्यक्तिले देश र जनताको लागि आफ्नो स्वाभिमान कहिल्यै बेच्न नहुने र जीवनलाई सार्थक बनाउन बरु मर्दा अरू सपुत जन्मिन्छन् भन्ने राष्ट्रवादी सोच यस नाटकमा पाइन्छ । वर्गीय मुक्तिको लागि लड्दा मऱ्यो भनेर आपत्ती मान्न नपर्ने सन्देश यसमा अभिव्यक्त छ । फासिस्ट सरकारको विरुद्धमा सबै जुरमुराएर लाग्नु पर्ने नत्र देश र जनता मुक्त हुन नसक्ने कुरा अभिव्यक्ति गरिएको छ ।

### ४.३.६ भाषाशैली

**नझुकेको स्वाभिमान** नाटकको भाषागत प्रस्तुति पात्रको भाषिक पृष्ठभूमि अनुरूप भएको छ । गाउँका पात्रहरू र सरकारी कर्मचारीहरूले प्रयोग गरेको भाषा सामान्यतया स्वाभाविक देखिन्छ । सामान्य पाठक वर्गका लागि पनि यो भाषा उपयुक्त नै देखिन्छ । नाटकमा क्रुर शासकले बोल्ने र हेयको दृष्टिले बोल्ने भाषा समेत प्रयोग गरिएको छ । सैद्धान्तिक रूपमा आदर्श व्यक्तिले बोल्ने भाषा समेत अभिव्यक्त भएको देखिन्छ । दृश्यका हिसाबले ११ वटा दृश्यमा संरचित नाटक लघु आकारको छ । जसमा प्रयोग भएको भाषाशैली पनि सरल, मिठास, बोधगम्य, सबैले

बुझ्न सक्ने पात्र अनुकूलको नै देखिन्छ । छोटा छोटा दृश्यमा संरचित **नभ्कुकको स्वाभिमान** डम्बर पहाडीको एक उत्कृष्ट रचना हो ।

## ४.४ निष्कर्ष

वि.सं. २०२९ सालदेखि अनौपचारिक रूपमा साहित्य साधनामा यात्रारत पहाडीको लगभग एक दशकको समय सिर्जनाका क्षेत्रमा अभ्यासिक कालका रूपमा देखिए तापनि साहित्य सिर्जनाका क्षेत्रमा विभिन्न विधामा कलम चलाएको पाइन्छ । पहाडीले यस चरणमा फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेका छन् । उनको पहिलो कृति **मेची किनारका कविताहरू** (२०३४) मा तीन टुक्रा कविता प्रकाशित भएको हो । उनी साहित्य सङ्गीत विभिन्न कृतिहरू लेखन कार्यमा प्रयासरत रहि अप्रकाशित तर मञ्चन नाटकहरू लेखेका छन् । पहिलो चरणमा लेखिएका कविताहरू विभिन्न पत्रपत्रिकामा छापियो । २०५० सालमा प्रकाशित भएको **नभ्कुकेको स्वाभिमान** र २०५९ सालमा प्रकाशित भएको **प्रहर** कविता सङ्ग्रह हो ।

पहाडीको साहित्ययात्रालाई चरणगत आधारमा हेर्दा पहिलो चरण आभ्यासिक र विभिन्न विधामा कलम चलाएका पहाडीका कृतिको प्रकाशनका दृष्टिले त्यति मान्यता पाएको देखिदैन । पहाडीको निरन्तर प्रयास र परिश्रमले दोस्रो चरणका कृतिहरू परिमाणात्मक र गुणात्मक रहेको पाइन्छ । नेपालमा भएको २०३६ सालको सशस्त्र द्वन्द्व कालमा भएको आन्दोलन त्यसपछि जनचाहना तर नेताहरूको स्वार्थीपनले झनझन शान्तिप्रति शङ्का, मानिएका वेदना जस्ता कुराहरू डम्बर पहाडीको **प्रहर** कविता सङ्ग्रह भित्रका अन्तर्विषयक हुन् । राष्ट्रिय अस्मिताको सङ्कट र मानव जातिको असमानताले ठेस लागेको कुराहरू उठाइएको छ ।

तात्कालीन समयमा नेपालीले महसुस गरेका असुरक्षा, सन्त्रासका साथै प्राकृतिक दृष्टिले धनि देश, यहाँको प्राकृतिक सौन्दर्यताप्रतिको मोहकता, राष्ट्रियतामा खडेरी, बेरोजगार, भ्रष्टाचार, अन्याय, बलात्कार, शोषण, दमन, वर्गीय, उत्पिडन जस्ता कुराहरू असल नेतृत्वको कमिले भएको भन्ने सन्दर्भलाई आफ्ना साहित्यमा उतारेका छन् ।

वि.सं. २०३४ देखि साहित्य कृति 'तीन टुक्रा' कविता लिएर नेपाली साहित्य क्षेत्रमा पहाडी साहित्यिक कृतिहरूको रचना तर्फ झुकाव राख्नु महत्त्वपूर्ण कार्य

मान्नु पर्छ । कविता, नाटक, एकलाइने कविता एवं अन्य साहित्यिक विधामा कलम चलाएका डम्बर पहाडीलाई इलाम जिल्लाकै एक स्थापित साहित्यकारका रूपमा चिनिन्छन् । **प्रहर** कविता सङ्ग्रहमा डम्बर पहाडीले नेपाली जनजीवनको वर्णनमा प्रहरको माध्यमबाट नेपाली युवायुवती, सर्वसाधारण जनता, दलित, निम्न वर्गीय समाजको मुक्तिका लागि सामाजिक, राजनीतिक, ऐतिहासिक, सांस्कृतिक एवं विविध जञ्जालमा परेर वीरगति प्राप्त गरेका छन् । जसको फलस्वरूप देशमा शान्ति, अमनचयन एवं सम्बृद्ध बनाउनका लागि क्रान्तिको आवश्यकता छ भन्ने सन्दर्भ साहित्यकारले व्यक्त गरेका छन् ।

साहित्यकार पहाडीद्वारा रचना गरिएको **प्रहर** कविता सङ्ग्रह भित्र रहेका कविताहरू विविध परिवेशमा रहेर लेखिएको छ । यस सङ्ग्रह भित्र जम्मा ५८ ओटा कविताहरू रहेका छन् । यस भित्र तात्कालीन समयका सत्ताधारी पक्षले वर्गीय उत्पिडन मच्चाएको परिवेश रहेको छ । संस्कृतिप्रतिको मोहलाई सकारात्मक ढङ्गले प्रस्तुत गर्न खोजिएको छ । प्रणय भाव विचारलाई पनि प्रस्तुत गरिएको छ । ऐतिहासिक, राजनैतिक एवं विविध विषयमा रहेर कृति रचना गरिए पनि एक अर्काप्रतिको आपसी दुर्व्यवहारले पिल्सिएको परिवेशलाई आधार बनाइएको छ । कविता सङ्ग्रहको परिवेश विभिन्न किसिमका रहेका हुन्छन् । कतै राजनैतिक, सामाजिक, आर्थिक, प्रणय, ऐतिहासिक आदि परिवेशमा रहेर लेखिएको छ ।

कविता सङ्ग्रहको लक्षणमा परिवेशगत व्यापकतालाई सङ्केत गर्नु तत्कालीन समाजका विविधतालाई चित्रण गर्ने अर्थमा र त्यसबाट सामाजिक पक्षका अधिकतम पक्ष व्यञ्जित गर्ने लक्ष्य नै प्रमुख रहेको देखिन्छ तथापि राजनैतिक, आर्थिक, ऐतिहासिक, प्रणय एवं सांस्कृतिक परिवेश पनि उत्तिकै भूमिका रहेको पाइन्छ । गाउँ, बस्ती, सहर, भीर, पाखा, पहाड, हिमाल, खोला, आकाश, बादल, तारा आदिको व्यापक चित्रणले तात्कालीन समाज र प्रकृतिको तथा प्रणय, आर्थिक, ऐतिहासिक रूपलाई प्रतिनिधित्व गर्दछ । पहाडीले **प्रहर** कविता सङ्ग्रहमा यस प्रकारको सामाजिक विविधतालाई व्यञ्जित गर्ने र युगिन परिवेशको यथार्थ पक्षलाई देखाउने काम गरेका छन् । राष्ट्रिय स्तरमा तात्कालीन विविध राजनैतिक, सामाजिक, आर्थिक, प्रणय, ऐतिहासिक, सांस्कृतिक मूल्य मान्यताको परिवेश पाइन्छ ।

यस कविता सङ्ग्रहको परिवेशमा स्थानीयदेखि समग्र नेपालमा बसोबास गर्ने दलित वर्गले शासक वर्गले गरेको अन्यायको विरुद्धको परिवेश झल्किन्छ ।

प्राचीन युगदेखि वर्तमान, वर्तमान मिश्र पनि मानव मानव बीचको साझा अस्तित्वको खोजी नै यस कविता सङ्ग्रहको परिवेशगत व्यापकता हो । मानवभित्र दानवीय चरित्र बनाएको विश्व सन्दर्भ नै यस कविता सङ्ग्रहको भौगोलिक परिवेश भएर देखिएको छ । स्थानीय परिवेशको व्यापकतासँगै विश्व परिवेशको तह साटिएको छ । राष्ट्रिय सन्दर्भमा नेपालको राजनैतिक परिवर्तन र भौगोलिक यथार्थको चित्रण आएको छ । वर्गीय परिवेश भित्र जेलिएर विश्वको क्रान्तिको यात्रा देखा पर्नु यस कविता सङ्ग्रहको परिवेशगत सन्दर्भ हो । सिङ्गो मानवजाति र त्यसको मुक्तिका लागि विशिष्ट सामाजिक परिवेश निर्माण गरिएको देखिन्छ ।

सङ्घर्ष नै मुख्य पक्ष देखिन्छ । सङ्घर्ष जीवनका लागि बाँच्न, अस्तित्वका लागि स्वतन्त्रता र मुक्तिका लागि हो अन्नु नै यस काव्यको मुख्य सन्देश हो । क्रान्ति कवितात्मक यात्रा होइन । यो शान्तिको मार्ग हो यही मार्गबाट नै जनतन्त्र विकसित हुन्छ भन्दै मानव समाजमा क्रान्तिको अर्थ देखाउनु यस कविता सङ्ग्रहको मूल उद्देश्य रहेको छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

साहित्यकार डम्बर पहाडी (परियार) को जन्म पिता स्व. केशरबहादुर परियार तथा माता स्व. जानुका परियारको कोखबाट मिति २०१२ मङ्सिर ८ गते भएको हो । इलाम जिल्लाको मालापथ वार्ड नं. २ मा बसोबास गरेका हाल काठमाडौँको बानेश्वर स्थित ॐशान्ति नगरमा उनको निवास रहेको छ ।

डम्बर पहाडीले पाँच वर्षको उमेरबाट पब्लिक आदर्श उच्च माध्यमिक विद्यालय इलाम बजारबाट अक्षरारम्भ गरी प्रवेशिका परीक्षा उत्तीर्ण गरेर महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाबाट प्रविणता प्रमाणपत्र र सोही क्याम्पसबाट स्नातक तहसम्मको अध्ययन पश्चात त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट इतिहास विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् ।

आर्थिक मामिलाका सन्दर्भमा सम्पन्न नै रहेका हुनाले बाबुआमाको देहावसान हुँदा अन्यत्रबाट खर्च जुटाउनु पर्ने बाध्यता भएन ।

स्व. रामप्रसाद श्रेष्ठ र चित्र सिकारुका सृजनाका वक्ता-स्रोता भएका कारण साहित्य क्षेत्रमा लाग्न प्रेरणा मिल्यो । इतिहास विषयका व्यक्ति भए तापनि नेपाली साहित्यलाई मर्यादित ढङ्गले माया गर्ने काम गरिरहेका छन् ।

२०३४ सालमा लोकसेवा आयोगबाट भूमिसुधार मन्त्रालयको बचत सहायक निरीक्षक भएर छ वर्षसम्म काम गरे । तत्कालीन समयमा शासक वर्गले कम्युनिष्ट गतिविधिमा संलग्न भएको आरोप लगाई २०४० सालमा अवकाश दिइएको थियो । पहाडी विभिन्न सङ्घ संस्थामा आबद्ध रहि काम गरिरहेका छन् । ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजार निवासी स्व. पूर्णबहादुर सिवा तथा स्व. दिक्मा सिवासँग २०४८ मङ्सिर ३ गते विवाह बन्धनमा बाँधिएका पहाडी दम्पतिका छोरा-बुहारी र एक छोरी छन् ।

**नभुकेको स्वाभिमान** (२०५०) नाटक विधामा चिनिएको छ भने **प्रहर** (२०५९) कविता सङ्ग्रह प्रकाशित भएको छ ।

डम्बर पहाडीका रचनाहरूमा सर्वप्रथम सामाजिक, राजनीतिक, ऐतिहासिक आदि परिवेशलाई आधार बनाएर लेखिएका छन् । देशप्रेम, प्रकृतिप्रेम, मानवता प्रेम जस्ता विशेषताहरू पाइन्छन् । सामाजिक परिवेशदेखि राष्ट्रिय सन्दर्भमा मानवताको चित्रण, सामाजिक विकृतिप्रतिको विरोध, राजनीतिक नेताहरूले गरेको गलत व्यवहार र निर्णयले जनतालाई नकारात्मक असर पारेको प्रसङ्गलाई विषयवस्तु बनेर आएको छ ।

एउटा दलित परिवारमा जन्मिएका पहाडी इलाम जिल्लाकै एक उत्कृष्ट प्रगतिवादी साहित्यकार हुन् । उनको लेखनमा छुवाछुत, उत्पिडन, अनयाय, अत्याचार, दमन, शोषणले जेलिएको समाज एवं राष्ट्रलाई मुक्ति दिलाउने अपेक्षा गरेको पाइन्छ । देशको सामाजिक, राजनीतिक, सांस्कृतिक एवं ऐतिहासिक र मानवताका पषमा कुरा उठाएका पहाडीले आफ्ना रचनामा प्रेम प्रणयका विषयवस्तुलाई पनि समेटेका छन् ।

## ५.२ निष्कर्ष

साहित्यकार डम्बर पहाडी एक प्रगतिवादी साहित्यकार हुन् । वि.सं. २०५० मा **नझुकेको स्वाभिमान** नामक नाटकबाट आधिकारिक रूपमा साहित्य यात्राका रूपमा स्थापित भएका हुन् । त्यस्तै २०५९ सालमा पहाडीको **प्रहर** कविता सङ्ग्रह प्रकाशित भयो ।

साहित्यकार डम्बर पहाडीका लेखनका प्रमुख प्रवृत्तिहरू यस प्रकार रहेका छन् :

(क) डम्बर पहाडी मूलतः साहित्य सर्जक हुन् । उनका कृतिहरूमा समसामयिक यथार्थताको विकृति र विसङ्गतिको विरोध पाइन्छ ।

(ख) पहाडीका रचनाहरूमा राजनीतिमा देखिएको विकृति, विसङ्गति र त्यसले भित्र्याएको गलत विचारलाई सकारात्मक सोचमा परिवर्तन गरिएको छ ।

(ग) पहाडीका कवितामा प्रेम, राष्ट्रियता, मानवीय मूल्य मान्यताको भाव सलबलाएको पाइन्छ ।

(घ) साहित्यकार पहाडीका रचनामा प्रकृतिको चित्रण, मानवीयताको ह्रास भएको तर राष्ट्रिय भावना जागृत भएको पाइन्छ ।

(ङ) पहाडीका लेखनमा ग्रामीण समाजको यथार्थ अवस्था, अन्याय, अत्याचारका विरुद्ध आवाज उठाएका छन् ।

(च) **नभुकेको स्वाभिमान** नाटकमा पञ्चायती व्यवस्थाको विरुद्धमा लड्नका लागि ग्रामीण समाजका जनताहरूले देशको राजनीतिक अस्थिरतालाई हटाइ समाजवादको संरचना गर्ने हेतुले डटेर लडिरहेका छन् । त्यसै गरी क्रान्तिबाट नै शान्ति स्थापना हुन्छ भन्ने प्रसङ्ग ल्याइएको छ । एउटा छापामारले सम्पूर्ण देशलाई छापामारयुक्त बनाएर अन्याय, अत्याचार, दमन, शोषण, निम्न वर्गीय जनतालाई उत्पिडन दिने जस्ता घिन लाग्दा कुरालाई हटाउने जमर्को गरिएको छ ।

(छ) **प्रहर** कविता सङ्ग्रहमा सामाजिक, राजनीतिक, ऐतिहासिक, सांस्कृतिक, राष्ट्रप्रेम, कला आदि पक्षलाई समावेश गरेको पाइन्छ ।

डम्बर पहाडी नेपाली साहित्यका एक प्रगतिशील साहित्यिक व्यक्तित्व हुन् । उनले सामाजिक, राजनीतिक, ऐतिहासिक, सांस्कृतिक, प्रेम प्रणय एवं विविध क्षेत्रमा कलम चलाएका छन् । समाज सुधारक, सचेतनामूलक, मानवतावादी, राष्ट्रप्रेमी चिन्तन बोक्ने उनका सृजनाहरूले नेपाली समाजलाई उचित मार्ग दिर्नेशन गर्ने निश्चित छ । दलित समुदायमा रहेर पनि देशमा भए गरेका दलित माथिको अत्याचारलाई हटाउन उनका लागि आफ्ना सृजनाहरू सधै रह रहने छन् र त्यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छन् भन्ने विश्वास गर्न सकिन्छ । साहित्यकार डम्बर पहाडीको व्यक्तित्व आगामी नयाँ पुस्तका लागि प्रेरणाप्रद हुने छ ।

# सन्दर्भ ग्रन्थ सूची

कोइराला, शारदा (२०५३), **यथार्थ कुरा**, वर्ष १, अङ्क ८ ।

खड्का, विष्णु (२०७२), **भूपहरि पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

गौतम, कृष्ण (२०५०), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, काठमाडौँ : साझा प्रकाशन ।

गौतम, धरणी (२०७३), **मेरो दृष्टिमा साहित्यकार र साहित्य**, काठमाडौँ : प्रगति प्रिन्टर्स ।

जोशी, कुमारबहादुर (२०६०), **देवकोटाका कविता कृतिको कालक्रमिक विवेचना**, काठमाडौँ : साझा प्रकाशन ।

न्यौपाने, घनश्याम 'परिश्रमी' (२०३४), **मेची किनारका कविताहरू**, इलाम : मेची साहित्य परिषद् ।

पहाडी, डम्बर (२०५०), **नझुकेको स्वाभिमान**, इलाम : हिमाल प्रिन्टिङ प्रेस ।

----------- (२०५९), **प्रहर कविता सङ्ग्रह**, काठमाडौँ : कला अपसेट ।

बराल, कृष्णहरि, एटम नेत्र (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

वली, रामकुमार (२०७३), **धनञ्जय भट्ट यत्नको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

# परिशिष्ट

डम्बर पहाडीको जीवनी, व्यक्तित्व र कृतित्वको अनुसन्धानका क्रममा आवश्यक सूचना सङ्कलन गर्ने प्रयोजनका हेतुले शोधनायक डम्बर पहाडीसँग गरिएको अन्तर्वार्ता :

१. तपाइँको जन्म कहाँ र कहिले भयो ?

मेरो जन्म वि.सं. २०१२ साल मङ्सिर ८ गते मेची अञ्चलको इलाम जिल्ला, मालापथ, इलाम बजारमा भएको हो ।

२. तपाइँको बुवा र आमाको नाम के हो ?

मेरो बुवाको नाम केशरबहादुर परियार र आमाको नाम जानुका परियार हो ।

३. तपाइँको बाल्यकाल कसरी बित्यो ?

म परिवारको जेठो (पहिलो) सन्तानको रूपमा जन्मिएको हुनाले इलाम बजारमा नै सहज वातावरणमा बित्यो । प्राकृतिक एवं भौगोलिक मनमोहक दृश्यमा खेल्दै अगाडि बढ्यो । आफ्ना पूर्खाहरूले गरेको पेशालाई मन पराउँथें । सनही, टेम्को, नरसिंह, मादल, कर्णाल, झ्याम्टा, गीतार आदि बजाउन मन लाग्थ्यो बजाउँथें । साथीहरूसँग डण्डीबियो, लुकामारी, भलिबल, फुटबल आदि खेल्न मन लाग्थ्यो । केही नयाँ कुरा देखे पछि सोधेर बुवा आमालाई हैरान पार्थे । आफूभन्दा सानालाई माया गर्ने र आफूभन्दा ठूलालाई आदर, सम्मान गर्ने, खेल्न रुचाउने बानी थियो ।

४. तपाइँको शिक्षादीक्षा के कसरी प्राप्त गर्नु भयो ?

मैले प्रारम्भिक शिक्षा पाँच वर्षको उमेरबाट पब्लिक आदर्श उच्च माध्यमिक विद्यालय, इलाम बजारबाट सुरुवात गरें । २०२९ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरें । त्यसपछि २०३० सालमा महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामबाट दुई सेमेस्टर पढेपछि तत्कालीन कम्युनष्टिहरूले बुर्जुवा शिक्षा पढ्नु हुँदैन भन्ने विरोध भए पछि केहि समय स्थगित गरें । पछि फेरी २०३४ सालमा प्राइभेट कलेजबाट प्रविणता प्माणपत्र उत्तीर्ण गरें । २०३६ सालको विद्यार्थी आन्दोलन भइरहँदा तथा देशमा बहुदलीय तथा निर्दलीय व्यवस्थाको आन्दोलन भइरहँदा पनि महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामबाट स्नातक तह उत्तीर्ण गरें । २०४३ सालमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट इतिहास विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरें ।

५. तपाइँको पारिवारिक पृष्ठभूमि कस्तो छ ?

हामीहरू चारजना दाजु भाइ र तीनजना दिदी बहिनी मध्ये म चाहीँ जेठो छोरा हुँ ।

६. तपाइँको विवाह कोसँग कहिले भयो ?

मेरो विवाह ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजार निवासी पूर्णबहादुर सिवा तथा दिक्मा सिवाकी सुपुत्री सानु सिवासँग २०४८ साल मङ्गिर ३ गते मंगलबार १७०० मा जिल्लामा सबैभन्दा पहिलो मञ्च विवाह (Stage marriage) गरें ।

७. तपाइँको छोरा छोरी कति जना छन् ?

मेरो एउटा मात्र छोरो सौजन्य परियार पहाडी र एक मात्र छोरी सृष्टि पहाडी परियार हुन् । छोरा छोरीको विवाह पनि गरी दिई सकें ।

८. तपाईको साहित्य लेखनको प्रारम्भ कहिलेबाट भयो र को बाट प्रेरित हुनु भयो ?

मलाई विद्यालय स्तरदेखि नै लेखनमा रुची लाग्थ्यो । तर औपचारिक रूपमा २०२९ सालमा 'तीन टुक्रा' कविता लेखेको थिएँ । यो कविता २०३४ सालमा प्रकाशित मेची किनारका केही कविताहरू नामक कृतिमा छापियो । सर्वप्रथम आफ्नै बुवाबाट नै प्रेरित भएँ भने स्व. रामप्रसाद श्रेष्ठ र चित्र सिकारुका लेखनबाट प्रेरित भएँ । साङ्गीतिक क्षेत्रमा भने प्राध्यापक युद्धप्रसाद वैद्यबाट प्रेरणा पाएँ । त्यसै गरी नाटक, कविता, गीत, गजल एवं एक लाइने कविता लेखनमा भीम खरेल, अनुकूल काजी आदिबाट प्रेरणा पाएँ ।

९. तपाईको हालसम्म प्रकाशित कृतिहरू के के हुन् ?

मेरो हालसम्म प्रकाशित कृतिहरू दुईओटा छन् । पहिलो 'नझुकेको स्वाभिमान' नाटक (२०५०) र 'प्रहर' कविता सङ्ग्रह (२०५९) हो ।

१०. तपाईको रुची तथा स्वभाव कस्तो थियो ?

मेरो रुची सङ्गीतकार, कलाकार, नाटककार, चलचित्र निर्देशक र सामान्य व्यक्तिभन्दा फरक किसिमको रुची भएको व्यक्ति बन्न चाहन्थें । सरल र सहज एवं मिलनसारिता र एकान्तप्रेमी व्यक्तिका स्वभाव भित्र पर्दछन् । भ्रमण गर्ने, कुनै पनि सोख र विलासिताको विरोधी, नरिसाउने, जस्तो कडा विचारलाई पनि सरल ढङ्गले

प्रस्तुत गर्ने, सबैसँग हाँसी खुसी, प्रेमी एवं आदर योग्य बन्ने पौराणिक, धार्मिक एवं संस्कृति आदिलाई जगेर्ना गर्न मन पराउने स्वभाव थियो ।

११. तपाईको पिताको र तपाईको आर्थिक स्थिति कस्तो थियो ?

मेरो बुवा सामान्य लेखपढ गरे तापनि आफ्नै चतुऱ्याइँ र मिहिनेत गरेर भए पनि आर्थिक अवस्था त्यति कमजोर थिएन । आफ्नो पुर्ख्यौली पेशा साङ्गीतिक भएको कारणले पहाडी जीवनमा पनि आर्थिक स्थिति कमजोर भएन । मैले प्रवेशिका परीक्षा उत्तीर्ण गरी प्रविणता प्रमाणपत्र उत्तीर्ण गरी स्नातक तह अध्ययन गर्दै लोकसेवा आयोगबाट भूमिसुधार मन्त्रालयको वचत सहायक निरीक्षक पदमा रहेर ६ वर्षसम्म काम गरें । त्यस पछि स्नातकोत्तर उत्तीर्ण गरे पछि (२०४९-६४) सम्म इलाममै प्राध्यापन पेशा गरें । त्यस पछि त्रि.वि. बाट २०६४/५/१४ गतेको पत्र बमोजिम उप प्राध्यापकको रूपमा रहि हालसम्म अध्यापनमा लागि रहेको छु । आर्थिक अवस्था राम्रो छ ।

१२. तपाईले कहाँ कहाँको भ्रमण गर्नु भएको छ ?

मैले मेची-महाकालीको भ्रमण गरेको छु भने भारतको दार्जिलिङ, सिक्किम, खर्साङ आदि ठाउँको भ्रमण गरेको छु ।

१३. तपाईको समानता के कस्तो छ ?

मैले समाजमा रहेको कुसंस्कार, कुरीति विरुद्ध आवाज उठाएको थिएँ । शिक्षाको अवसर प्राप्तबाट वञ्चित बालबालिकाको लागि शिक्षा आर्जनमा सहयोग गर्ने, नकारात्मक कुराहरूलाई घरबाट र समाजबाट हटाई सकारात्मक पक्षलाई मात्र आत्मसाथ गरी अगाडि बढेको छु ।

१४. तपाईको शिक्षाप्रतिको धारणा कस्तो छ ?

मेरो विचारमा शिक्षा सैद्धान्तिक र व्यवहारिक दुवै हुनु आवश्यक छ । सिद्धान्तले जीवनलाई सार्थक बनाउन उत्प्रेरणा दिन्छ भने व्यवहारिक शिक्षाले जीवन निर्वाह गर्ने भूमिकामा मद्दत पुऱ्याउँछ ।

१५. तपाईको जीवन दर्शन के हो ?

मेरो जीवन दर्शन सृजनामा अन्याय अत्याचारको विरोध गरिएको छ । समाजमा सुधारको अपेक्षामा अन्याय अत्याचारको विरोध गरिएको छ । मैले

मानवतावादी विचारधारालाई अगाडि सारेको छु । आदर्शका कुरा र परिकल्पना गरेर मात्र हुँदैन आफू पहिले नमुना बन्ने कोसिस गर्न सके मात्र जीवन दर्शनको अर्थ रहन्छ भन्ने मान्यता रहेको छ ।

१६. तपाईको पेशागत संलग्नता के कस्तो रहेको छ ?

मेरो पेशागत संलग्नता निम्न किसिमका रहेका छन् ।

(१) महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा (२०४९-२०६७) सम्म अध्यापन गराएको ।

(२) रत्नराज्य लक्ष्मी क्याम्पस प्रदर्शनी मार्गमा (२०६७ देखि हालसम्म) अध्यापन गरिरहेको छु ।

(३) मदन भण्डारी कला साहित्य प्रतिष्ठानमा (२०६८) मा संस्थापक सदस्य ।

(४) जीवन्त साहित्य मञ्च इलामका संस्थापक सदस्य ।

(५) साझा प्रकाशन २०६४ प्राज्ञिक सल्लाहकार ।

(६) एक लाइने कविता आन्दोलन (२०४३) प्रवर्तक ।

(७) युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान २०६५ कार्यसमिति सदस्य ।

(८) भूमिसुधार मन्त्रालयको वचन सहायक निरीक्षक पदमा रहेर (२०३४-२०४०) सम्म सेवारत भएको थिएँ ।

१७. तपाईको संस्थागत संलग्नता कस्तो रहेको थियो ?

(क) म नेपाल कम्युनिष्ट पार्टीको सदस्य रहेको थिएँ ।

(ख) इलाम साहित्य मञ्च इलामको संस्थापक सदस्य ।

(ग) मेची विकास संघको संस्थापक सदस्य रहेको थिएँ ।

(घ) सुनगाभा क्लव इलाममा संस्थापक सदस्य ।

१८. तपाईले हालसम्म पाउनु भएको मान सम्मान तथा पुरस्कारहरू के के हुन् ?

मैले हालसम्म पाएको मान सम्मान तथा पुरस्कारहरू निम्नानुसार छन् :

(क) नेपाल साहित्य गुठी काठमाडौं प्रशंसा पत्र २०५० ।

(ख) राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपाल प्रशंसा पत्र ।

(ग) जुही (साहित्यिक त्रैमासिक) झापा प्रशंसा पत्र (२०६५) ।

(घ) जीवन स्मृति प्रतिभा पुरस्कार २०६३ झापा, दमक ।

(ङ) जीवन स्मृति प्रतिष्ठान झापा, दमक प्रशंसा पत्र २०६३ ।

(च) अन्तर्राष्ट्रिय कवि गोष्ठी फिकल इलाम समता साहित्यिक परिवार इलाम २०५४ द्वारा अभिनन्दित ।

(छ) वृहत् जनवादी सांस्कृतिक तथा स्रष्टा सम्मान कार्यक्रम धुसेनी इलाम २०६९ द्वारा सम्मानित ।

१९. तपाईले हालसम्म प्काशन गरेका कृतिहरूको नाम बताइ दिनु हुन्छ की ?

मैले हालसम्म प्रकाशित गरेका कृतिहरू २ ओटा छन् :

(क) नझुकेको स्वाभिमान (नाटक, २०५०), एघार दृश्यमा लेखिएको छ । मुद्रण : हिमाल प्रिन्टिङ्ग प्रेस इलाम (२०५०) शाखा विर्तामोड झापा ।

(ख) प्रहर (कविता सङ्ग्रह, २०५९), मुद्राण : कला अफसेट पुतली सडक, प्रकाशक : नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, साथी प्रकाशन ।

| क्र.सं. | शीर्षक | रचना काल |
|---|---|---|
| १. | आखिरी जिन्दगी | २०४३ माघ ३ |
| २. | मुर्दावाद ! जिन्दावाद !! | २०४५ |
| ३. | उत्पिडन | २०४५ श्रावण ६ |
| ४. | जदौ हजुर भन्दै | २०४० असार ५ |
| ५. | विशाल छाती भित्रको | २०४७ वैशाख |
| ६. | प्रत्येक बिहानीका प्रहरहरूमा | २०३६ वैशाख |
| ७. | सल्काउनै पर्छ | २०५२ कार्तिक २८ |
| ८. | काठमाडौं | २०४४ |
| ९. | चुनौति छ तिमीलाई | २०४० वैशाख |
| १०. | आकाश हेर्दै | २०४३ असोज ६ |
| ११. | फगत बगरे ढुङ्गा | २०४० |

| | | |
|---|---|---|
| १२. | बन्दकी पो... | २०४२ माघ |
| १३. | हाय कान्तिपुरी नगरी | २०४४ जेष्ठ ७ |
| १४. | मौनताको कोक्रोबाट | २०४३ असोज |
| १५. | हुनु के थियो खै... | २०४८ मङ्सिर ३ |
| १६. | आँसु पैंचो मागेर | २०४३ असोज ५ |
| १७. | अन्तर्राष्ट्रिय वर्षहरू | २०४२ माघ |
| १८. | कविता/कविता | २०३८ फागुन |
| १९. | हतास नहोऊ | २०३४ कार्तिक |
| २०. | व्यङ्ग्य | २०४१ फागुन |
| २१. | रगतले रङ्गिएको मञ्चमा | २०२९ |
| २२. | बैंसको ऐस | २०४१ |
| २३. | बिहानीको घाम जस्तै | २०४४ |
| २४. | बादलले छोपेको बस्ती | २०३६ |
| २५. | त्रिशुल डामेर | २०४५ जेष्ठ |
| २६. | चस्मा लगाइ दिउ जस्तो | २०४३ चैत्र |
| २७. | भोक चपाएर | २०४१ माघ |
| २८. | जस्तो छ | २०४१ असोज |
| २९. | सावधान | २०४१ भाद्र |
| ३०. | भोट | २०३९ चैत्र १ |
| ३१. | विडम्बना | २०३८ वैशाख |
| ३२. | नेपालीको अस्तित्व र शौख | २०४३ कार्तिक १० |
| ३३. | इलाम | २०३७ कार्तिक ७ |
| ३४. | सुप्रभातलाई | २०४३ माघ १ |
| ३५. | ज्यामी | २०४६ श्रावण १५ |
| ३६. | कङ्गाल | २०४४ |
| ३७. | खै इलाम कस्तो छ | २०४७ कार्तिक |
| ३८. | क्यामेराभित्र बन्द | २०४६ |
| ३९. | घामलाई | २०४६ माघ ६ |
| ४०. | शहीदको रगतमा | २०४६ चैत्र २४ |
| ४१. | अन्तिमैसम्म डटी लडौंला | २०४७ वैशाख २१ |

| | | |
|---|---|---|
| ४२. | के भर अरूको | २०४७ |
| ४३. | माछापुच्छ्रे | २०४७ भाद्र |
| ४४. | कर्मी भोलिका | २०४६ जेष्ठ |
| ४५. | लौ धावा बोल्देउन | २०४७ वैशाख |
| ४६. | तिमीलाई | २०४७ चैत्र २७ |
| ४७. | बाँचेर फर्के | २०४७ फागुन |
| ४८. | झ्यालखान नै प्यारो छ | २०५० |
| ४९. | झुक्दैन वीर | २०५० |
| ५०. | च्यातिएको चौबद्यीमा | २०४७ माघ १३ |
| ५१. | भेरीको तीरमा | २०४७ माघ २१ |
| ५२. | शहीदहरूलाई | २०४७ वैशाख १५ |
| ५३. | चेलीको क्रन्दन | २०३५ |
| ५४. | पूर्णिमको जुन जस्तै | २०४४ |
| ५५. | चेलीको सन्देश | २०२९ |
| ५६. | प्रियालाई भनेर | २०४३ |
| ५७. | झुक्दैन | २०४८ |
| ५८. | हामी केवल | २०५० |

नाम:- डम्बर पहाडी
२०६८/१२/१५